पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.nepalikhabar.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : २८ अङ्क : १३ २०६७ कार्तिक ५ गते शुक्रबार (Oct. 22, 2010) मूल्य रू. ५/-

## राष्ट्रपतिको भाते भ्रमण



काठमाडौं / चीनले व्यापार महोसत्वका लागि राष्ट्रपतिलाई लो प्रोफाइल भ्रमण गराउने भएको छ भने माओवादी अध्यक्ष प्रचण्डलाई त्यस्तै भ्रमणमा बोलाएर चीनका राष्ट्रपतिलाई भेटाउने भएको छ। हाम्रा राष्ट्रपति व्यापार महोसत्व रुपी आँखाको तिरिमिरी हेरेर मुखको मीठो जिब्रो फट्कारेर बेइजिङ नै नगाई फर्कने छन् भने प्रचण्डलाई बेइजिङसम्मको यात्राका लागि लगिने छन्।

राष्ट्रपति भ्रमणलाई (**बाँकी अन्तिम पेजमा**)

# माओवादीको "बजेटयुद्ध" ले के गर्छ ?

काठमाडौं / माओवादीले १० वर्ष लामो जनयुद्ध गर्दा १५ हजारभन्दा बढी मान्छे मारिए, अब त्यही शक्ति 'बजेटयुद्ध' मा होमिएको छ। बजेटयुद्धले के गर्छ ? भन्ने जिज्ञासा बढ्न थालेको छ। चालु आबको बजेट असार मसान्तमै आइसक्नुपर्ने हो। राजनीतिक गतिरोधका कराण प्रधानमन्त्रीले राजीनामा दिनै पर्छ भनेर माओवादीले खोचे थापेपछि राजनीतिक सहमति बन्छ भने म बाधक बन्दिन भन्दै प्रम माधवकुमार नेपालले असार १६ गते राजीनामा दिए। त्यसपछि प्रधानमन्त्री बन्ने होडबाजीका कारण माओवादीका प्रचण्ड, एमालेका झलनाथ खानाल र कांग्रेसका रामचन्द्र पौडेलले चारमहिना लामो गतिरोध निम्त्याए। अझै पनि प्रधानमन्त्रीको टुङ्गो लाग्न सकेको छैन।

बजेटको एक त्रितामस् खर्च गर्ने सुविधा उपयोग गरिसक्दा पनि बजेट ल्याउन सक्ने सरकार नबनेपछि दशैंको अवसर पारेर राष्ट्रपति डा.रामवरण यादवले सम्भव भए सरकार बनाउ, नसके बजेट ल्याउन बाटो खुलाउ भनेर तीनै शीर्ष नेतालाई एकै ठाउँमा राखेर आग्रह गरे। राष्ट्रपतिको आग्रहलाई कांग्रेस र एमालेले सहमित खोजेर निकास निकाल्ने प्रतिक्रिया दिए तर एमाओवादीले पदाधिकारी बैठक गरेर कामचलाउ सरकारले बजेट ल्याउनै नसक्ने प्रस्ताव पास गरे। एमाओवादीले



जसरी पनि कामचलाउ सरकारले बजेट ल्याए अवरोध गर्ने भएको छ।

सरकारले आवको बाँकी अर्थात ७ महिनाका लागि बजेट ल्याउन दशैं विदामा समेत काम लगाएर अर्थमन्त्रालयलाई बजेट तयारी गर्न लगाएको छ। सरकारका प्रवक्ता सुचना तथा सञ्चारमन्त्रीले बुधबार भनेका छन् केही दिनमै बजेट आउँछ। माओवादीले विरोध गरे पनि जसरी पनि बजेट पास हुन्छ।

सरकारको विरोध गर्दै डा.बाबुराम भट्टराई र माओवादीका अन्य नेता एक स्वरमा भन्न थालेका छन् कामचलाउ सरकारले बजेट ल्याउनु हास्यस्पद हो। कुनै हालतमा बजेट पास हनु दिनौं। सरकार नबन्ने बजेट नल्याए आर्थिक टाट अवस्था आउने स्थिति सिर्जना गरेर माओवादीले बजेटयुद्ध घोषणा गरेको छ। यो बजेट युद्ध ले राजनीतिक दलहरूमा थप तिक्तता जन्मने र शान्ति तथा संविधानका बाँकी सम्भावनाहरू पनि ध्वस्त हुने खतरा बढ्न थालेको छ।

## पारस र प्रचण्डबीच वार्ता

काठमाडौं / पूर्व युवराज पारश शाह र माओवादी अध्यक्ष पुष्पकमल दाहाल एकाएक मलेसिया पुगे र वार्ता गरे। यो वार्तामा चीनका नीतिकार समेत संलग्न भए। के वार्ता भयो, यस बारे समाचार सार्वजनिक हुनसेको छैन। कुनै संगठनको कार्यक्रममा गएका प्रचण्डले त्यस्तो कार्यक्रममा सहभागी भएको समाचार आएन, उनले प्रचण्डपथ लेखेको प्रमाणपत्र नेपाली पत्रकारलाई देखाएर छक्काएका छन्। भनिन्छ प्रचण्ड कात्तिक ५ गते चीन जाँदैछन, महोत्सवमा भाग लिन। तर उनलाई बेइजिङ पुऱ्याएर हजुरबालाई भटेटाउने र हजुबाररले दिएको आदेश मान्दै उनी नेपाल पर्केपछि मलेसिया वार्ताको नतिजा निस्कने अनुमान गरिएको छ। (**बाँकी अन्तिम पेजमा**)

# दाहाल कार्यदल भूमीगत गिरोह

**अभियान संवाददाता**

काठमाडौं / पञ्चायती कालखण्डमा एउटा शब्द ज्यादै चर्चित थियो, त्यो शब्दको जन्मदाता थिए पूर्व प्रधानमन्त्री सूयबहादुर थापा। उनले नै भूमिगत गिरोह शब्दको उचारण गरेर मुलुक राजनैतिक व्यक्तिहरूले सञ्चालन नगरेर भूमीगत गिरोहले सञ्चालन गर्ने गरेको आरोप लगाएर उनी सधै चर्चाको शिखरमा रहन्थे। अहिले मुलुक राजतन्त्रको अन्त्य भएर गणतन्त्रात्मक भएको छ। गणतन्त्रमा मुलुक संविधान ऐन कानूनले सञ्चालन हुन्छ, विधिको शासन चल्छ भने जनताको सोचाई विपरित अहिलेपनि मुलुक भूमिगत गिरोहले नै सञ्चालन गरिरहेको छ। संविधान निर्माण गर्न संविधानसभाको चुनाव सम्पन्न भयो। संविधानसभाले



तोकिएको अर्थात् २०६७ साल जेठ १४ गते भित्रमा संविधान निर्माण गर्न सकेन। अनि असफल र असक्षम भएको संविधानसभाले संविधानसभाको पदावधि एक वर्ष सम्म थप्ने निर्णय गऱ्यो। त्यो निर्णयलाई जनताको कसौटीमा लग्ने प्रयास भएन। संविधानसभामा उपस्थित भएका २७ दलहरू मध्येका तीन ठूला दलका नेताहरूले अध्यारो कोठामा बसेर एउटा निर्णय गरे, अनि त्यही निर्णयलाई संविधान सभाको बैठकमा ल्याएर हुकुमी शैलिमा पारित गराइयो। भूमिगत रुपमा संविधानसभा भन्दा बाहिर गएर गरिएको

(**बाँकी अन्तिम पेजमा**)

# कानून विपरित मन्त्रीले लाइसेन्स दिए

**अभियान संवाददाता**

काठमाडौं / प्रधानमन्त्रीले राजीनामा दिएको झण्डै चार महिना पुग्न लाग्दा समेत नयाँ सरकार बन्न नसकेको अवस्थाको फाइदा सरकारी कर्मचारी र मन्त्रीहरूले उठाउन थालेका छन्। त्यस्को पछिल्लो प्रमाण, सरकारले ऐन तथा नियमावलीको व्यवस्थाविपरित नेपाल विद्युत प्राधिकरणसित विद्युत खरिद सम्झौता (पी.पी.ए.) नै नगरी दुई प्रभावशाली व्यक्तिका दुई निजी कम्पनीलाई जलविद्युत आयोजनाको विकास गर्न उत्पादन (जेनेरेसन) लाइसेन्स दिएको छ।

विद्युत ऐन २०४९ नियमावली २०५० मा विद्युतप्राधिकरण विजुली बेच्ने कम्पनीलाई (पीपीए) नगरी विद्युत उत्पादन लाइसेन्स दिन नपाइने व्यवस्था हुँदाहुँदै उर्जामन्त्री डा.प्रकाशशरण महतको प्रत्यक्ष दवावमा नेपाल विद्युत प्राधिकरणका सञ्चालक समितिका सदस्य रहेका ज्ञानेन्द्रलाल प्रधानाङ्गको मनाङ ट्रेड कम्पनी र पञ्चकन्या ग्रुपका प्रदीपकुमार श्रेष्ठ लगानीकर्ता भएको माई भ्याली हाइड्रोपावर कम्पनीलाई गोप्य तवरमा उत्पादन लाइसेन्स दिएको छ। यी दुवै कम्पनीलाई एक महिनाको अन्तरमा लाइसेन्स दिनुको पछाडि उर्जामन्त्री महतको निहित स्वार्थ लुकेको

(**बाँकी अन्तिम पेजमा**)

# सरकार तिहार अघि नबन्ने

काठमाडौं / बन्नै लागेको माओवदी नेतृत्वको सरकारलाई भारतले भाँजो हालेर रोकेपछि विग्रेको राजनीतिक सहमतिको धमिलो पन यसरी बढ्दै गएको छ कि तिहार अघि पनि नयाँ सरकार नबन्ने निश्चित बन्दै गएको छ। उपेन्द्र यादवको फोरम, राजेन्द्र महतो र विजयकुमार गच्छदारको लोकतान्त्रिक फोरमका सभाद्ले मओवादीलाई मत दिने चाल पाएर भारतले अन्तिम अवस्थामा माओवादीको चाल विफल पारेको थियो। त्यसपछि राजनीतिक दलहरू दल-दलमा फसेर प्रधानमन्त्री चयन गर्न असफल बन्दै आएका छन्। (**बाँकी अन्तिम पेजमा**)

# नेपाल प्रहरी क्यासिनोको गार्ड

काठमाडौं / चोरी, डकैती, अपहरण, लुटेरा नदेख्ने नेपाल प्रहरीले क्यासिनो देखेको छ र हरेक दिन, हरेक हप्ता प्रहरी क्यासिनोबाट 'हप्ता' र 'महिनाबारी' असुल्न भुल्दैनन्। कुनै क्यासिनोले 'हप्ता' उठ्ती दिएनन् भने छापा मार्ने र नेपाली नागरिक किन मित्र हुलेको भन्ने नाटक प्रहरीले देखाउने गरेको छ।

आश्चर्य त के छ भने प्रहरी क्यासिनोभित्र पसेका नेपाली नागरिकलाई पक्राउ गर्छ तर क्यासिनो मालिकलाई छाडिदिन्छ। यस्तो क्रम महिनै पछि निरन्तर चलिरहन्छ। क्यासिनो आफ्ना कर्मचारीका साथै

(**बाँकी अन्तिम पेजमा**)

# स्वच्छाले मर्न पाउने अधिकार सुरक्षित गर !

काठमाडौं / कुनैपनि प्रजातान्त्रिक मुलुकहरूका सरकारको पहिलो दायित्व र कर्तव्य भनेको आफ्ना नागरिकहरूको जिउ धनको सुरक्षा गर्दै आफ्ना नागरिकहरूलाई स्वास्थ, शिक्षा र प्रसस्त खाना खुवाउनु नै हो। के अहिले नेपालमा नेपालका सरकारहरूले त्यो आफ्नो दायित्व र कर्तव्य पुरा गरिरहेको छ त भन्ने प्रश्न उठ्न थालेको छ। प्रत्येक व्यक्ति बाँच्न पाउनु व्यक्तिको नैसर्गिक अधिकार हो, सरकारले आफ्ना नागरिकहरूलाई सामान्य रोगका बारेमा सामान्य औषधि निशुल्क वितरण गर्ने गरेको भएपनि शहरी क्षेत्रमा भन्दा विकट, दुर्गम क्षेत्रका नागरिकलाई जघन्य रोग लागेमा त्यसमा सहयोग गर्ने गरेको देखिएको छैन। जघन्य रोग लागेका केही व्यक्तिहरूलाई राजनैतिक पहुँचका आधारमा सरकारले स्वास्थ्य उपचारको लागि रकम दिने गरे पनि सामान्य नागरिकको लागि त्यो आकासको फल मात्र हुने गरेको छ।

विगत लामो समयदेखि विभन्न दातृ निकायको सहयोगमा नेपाल सरकारले क्षयरोग (टि.वी) लागेका व्यक्तिहरूलाई औषधी निशुल्क दिए पनि त्यो औषधी नागरिकहरूको लागि मन्द विष भएको छ। उमेर हेरर घटीमा २ वटा देखि बढीमा ८ वटा सम्म औषधी एकै पल्ट सेवन गर्नु पर्ने त्यो औषधीमा एउटामा झण्डै ९ सय एमजी हुने गरेको हुनाले ५ वटा औषधी सेवन गर्दा झण्डै ४५ सय एमजी हुन्छ, एउटा सामान्य नागरिकले प्रयाप्त डाईट नखाइकन त्यो ४५ सय एमजीको एनटीवाइटीक पचाउन सक्ने अवस्था रहँदैन, त्यो पनि एकदिन होइन २ दिन होइन, ६ महिनादेखि बढिमा एक वर्षसम्म खानु पर्ने बाध्यताले गर्दा टि.बी.का विरामीहरू औषधी सेवनको कारणले नै मृत्युको मुखमा पुग्ने गरेका छन्। टि.बी. लगायत अन्य जघन्य रोगलागेका व्यक्तिहरूलाई सरकारले सोझै भन्न नसकेर मन्द विष दिएर तिनीहरूलाई मार्ने गरेको हुनाले, कि त सरकारले उनीहरूको उपचारको सम्पूर्ण जिम्मेवारी लिनुपऱ्यो यदि होइन भने उनीहरूलाई स्वच्छले मर्न पाउने अधिकार सुनिश्चित गरिदिनु पर्ने आवज उठ्न थालेको छ।

विश्वका सबै प्रजातान्त्रिक मुलुकहरूमा त्यहाँका सरकारले

(**बाँकी अन्तिम पेजमा**)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरु ध्वस्त पारे समाज ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – *अभियानवाणी*

अभियान साप्ताहिक

## सम्पादकीय

# माओवादी, आफ्नो दायित्व पुरा गर

संविधानसभाको पहिलो बैठक भएको झण्डै २९ महिना पछि संविधानसभामा उपस्थित भएका २७ दलहरु थपिएको ७ महिना मात्र बाँकी रहँदा संविधान निर्माणको लागि एकै ठाउँमा बसेका छन् । खासगरेर संविधान सभामा उपस्थित भएका तीन ठूला दलहरुको रवैया र दलगत स्वार्थले गर्दा आफैले निर्धारण गरेका कतिपय निर्णयहरुको पालना गर्न तीनदल असक्षम र असफल सावित भएपनि नेपाली जनतामा अवपनि २०६८ साल जेष्ठ १४ गतेभित्र नयाँ संविधान नपाउने नकरात्मक भावना सृजना भइ रहेको अवस्थामा सबै दल एकै ठाउँमा बसेर तोकिएको समयसीमाभित्र नयाँ संविधान निर्माण गर्न जुन प्रक्रिया शुरु गरिएका छ त्यो आफैमा सकारात्मक भए पनि अझै पनि दलहरुलाई विश्वास गर्न सक्ने आधारहरु बनेका भने छैनन् । २९ महिना सम्म दलहरु आपसी खिचातानी र दलगत स्वार्थमा रमाएका हुनाले अझ पनि तोकिएको समयसीमामा संविधान बन्न सक्ने भरपर्दो आधार बनी नसकेपनि तीनदलहरुका शिर्ष नेताहरुने एकै ठाउँमा बसेर संविधान निर्माण गरी छोड्ने प्रतिवद्धता जनाउनु दलहरुको सकरात्मक प्रयास हो ।

संविधान सभामा उपस्थित भएका तीन ठूला दलहरुले आफ्नो धरातल बिर्सिएर एक पल्ट पाएको जनताको विश्वासलाई जहिले सुकै पाउने आशा गर्ने किमार्थ उचित हुँदैन । एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस र नेकपा एमाले क्रमस संसदमा पहिलो दोस्रो र तेस्रो ठूला पार्टी भएको नाताले उनीहरुले ठूलो जिम्मेवारी निभाउनु पर्नेमा राष्ट्रियहितलाई भन्दा पार्टीगत स्वार्थ र व्यक्तिगत महत्वाकांक्षालाई अगाडि सारिएको हुनाले मुलुक अहिले असफल राष्ट्रितिर उन्मुख भएको छ । माधवकुमार नेपाल नेतृत्वको सरकारले राजीनामा दिएको झण्डै चार महिना सम्ममा पनि अर्को सरकार गठन गर्न व्यवस्थापिका संसद असफल सावित भएको छ । यसरी मुलुक अहिले सरकार विहिन अवस्थामा पुग्दासम्म तीन ठूला दलहरुमा अलिकति पनि सम्वेदनसिलता नआउनु भनेको तीन ठूला दलहरुको जनताप्रतिको राजनैतिक वेइमानी हो । संविधान सभाको चुनावका वेला तत्कालिन अवस्थामा उत्पन्न भएका सबै समस्याहरुको समाधान गरेर संविधानसभाको चुनाव गराईएको भए अहिलेका समस्या नै आउने थिएनन् । तत्कालिन प्रधानमन्त्री स्व.गिरिजाप्रसाद कोइराला र एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालको व्यक्तिगत महत्वकांक्षाले गर्दा मुलुकलाई त्यसैबेला असफल राष्ट्र बनाउने प्रयास गरिएको थियो ।

दशवर्ष जनयुद्ध गरेर अन्तरिम संसद, अन्तरिम सरकार हुँदै संविधानसभाको चुनावमा सबै दलभन्दा ठूलो दल हुन सफल भएको माओवादीले नौ महिना सम्म सत्ताको बागडोर हातमा लिएपनि उसले विगतमा अन्य दलहरु र सरकारसँग गरेको सहमति सम्झौता र समझदारीलाई पालना गर्ने प्रयास नगरेकै हुनाले उ अन्यदलहरुबाट अलगिएको थियो । सत्ताको बागडोर हातमा लिएको बेला प्रमुख प्रतिपक्षी दललगायत अन्यदलहरुको विश्वास जितेर अगाडि बढ्नु पर्नेमा सत्तामै रहेका दलहरुको विश्वास जित्न नसक्नुनै माओवादीको गम्भीर भुल थियो । आफूले गरेको गम्भीर भूलहरुलाई सच्याउनुको सट्टा अन्यदलहरुलाई धम्की दिनु आफ्नो विरोध गर्नेहरुलाई प्रतिगामी देख्नु, माओवादीको लागि घातक सावित भएको छ । ठूलो दलभएको नाताले उसको ठूलो र उदार छाति देखाएर सबैदललाई मिलाएर अगाडि बढ्नु एकीकृत माओवादी जिम्मेवारी भएपनि उसले त्यो जिम्मेवारी कहिल्यै निभाउन खोजेको देखिएन । सत्ता प्राप्तीकोलागि स-साना दलहरुलाई विभाजन गराएरै भएपनि सत्ता हत्याउन खोज्नु उसको सत्ता लिप्साको अर्को राम्रो नमुना हो ।

अहिले मुलुक चरम आर्थिक संकटमा गुज्रीएको छ । माधवकुमार नेपाल सरकारलाई प्रमुख समस्याको बाधक देख्ने एकीकृत नेकपा माओवादी र स्वयं माधव नेपालको पार्टीका अध्यक्ष झलनाथ खनाल अहिले गम्भीर राजैनिक संकटमा परेको छन् । माधवकुमार नेपाल नेतृत्वले राजीनामा दिएको दुई चार घण्टाभित्र सबै सस्यमहरुको समाधान हुन्छ भनेर ठूलो ठूलो डंक पिट्ने पुष्पकमल दाहालले नेपाललाई राजीनामा दिएको २/४ दिन होइन, एक महिना दुई महिना होइन चार-चार महिना सम्ममा पनि नत बहुमतको सरकार निर्माण गर्न सके न त सहमतिको । प्रत्येक वर्ष आर्थिक वर्ष शुरू हुन पूर्व नै बजेट ल्याउने कार्य समेत अहिले अवरूद्ध भएको छ । काम चलाउन सकारले बजेट ल्याउन पाउँदैन भन्ने अड्डी माओवादीले लिएपछि विकास निर्माणका सबै कार्यहरु अवरूद्ध भएका छन् । काम चलाउ सरकारले अनमिनको विषय लगायत अन्यधेरै विषयमा निणर्य गर्न सक्ने तर बजेटको विषयमा किन निर्णय गर्न नसक्ने । मुलुकलाई चरम आर्थिक संकटबाट जोगाउनको लागि भएपनि संसदमा उपस्थित भएका सबै दलहरुको सहमतिमा बजेट ल्याउने व्यवस्था मिलाउनु के माओवादीको दायित्व होइन र भने हामीले ठानेका छौं ।

# गणतन्त्र गनाउन थाल्यो !

*रोशन*

गणतन्त्र गधातन्त्र भयो ? यो प्रतिक्रिया एकजना कविले दिएका हुन् । हुन पनि दर्जनपटकको चुनाव भइसक्यो, एउटा प्रधानमन्त्री देशले पाउँदैन । योभन्दा गण्तन्त्रको कुरुप दानवरुप अनुहार अरु के हुनसक्छ ?

जुन दिन जनआन्दोलन सफल भयो, जनतामा हौसला थियो कि अव त केही हुन्छ, हुन्छ । माओवादी पार्टी नयाँ पार्टी थियो, जनताले यो पार्टीलाई एक्कैपल्ट ठूलो पार्टीको दर्जा दिएका थिए । यो पार्टीले समानताको, संघीयताको, शान्तिको, संविधानको ठूला ठूला कुरा गरेको थियो । त्यसैले पनि पढेलेखेका जनतामा आशा ठूलै पलाएको हो । बहुसंख्यक आम जनतामा पनि केही होला कि भन्ने प्रभाव पर्न गएको थियो ।

त्यसैले जनताले निधारमा गणतन्त्र लेखेर भाग्य र भविष्य भनेको गणतन्त्र नै हो भनेर गणतन्त्रको स्वागत गरेका थिए । खासगरेर राजनीतिक दलहरूमा आवद्ध युवाहरूले निधारमा गणतन्त्र लेखेर देशलाई राताम्मे पारे । कतिले रातो झण्डा बोके मानौं देश नै राताम्मे भएको छ । देशभरि नै अविर छरिएको छ । तर ३ वर्ष नबित्तै देशले रगतको आँसु रुनु परेको छ । युवाहरू जो देशमा छन्, निरास छन् । जो निरास भएर विदेशीएका छन्, ती झन निरास र उदास छन् ।

अर्का बुद्धिजिवीले हिजोमात्र भनेका छन्- बडा दशैं सुरु भयो के शुभकामना दिउँ खोई ? राजनीतिक दलहरूले शुभ-कामनाको औचित्य बाँकी राखेका छन् र ?

हुन पनि दलहरूले रुपको होइन, बेरुपको काममात्र गरे । देशलाई सिंगार्ने नाममा बाँदरले मालिकको ब्लेडले आफ्नो दाह्री खौरेर घाइते बनेकोजस्तो काममात्र गरे । हो, नेताहरूले पैसा कमाए, सुकिला मुकिला पनि भए । अलिकति सोच गर्नुपर्‍यो भने कम्युनिष्ट नेतासमेत अत्याधुनिक रिसोर्टतिर आराम गर्न पुग्ने भए । यो अवस्थामा गरिबको, दीनहीनहरूको, दुःखी र बिपन्न बर्गको छाप्रोमा पुगेर सोच्ने, बिचार गर्ने र तिनको हित चिताउने कसले ?

गणतन्त्र आयो, गण हराए, नेतामात्र देखिए । परिवर्तन भयो, नेताहरूको दिन परिवर्तन भयो । देश र दुनियाँका लागि उही विस्तारवाद, उही शोषण, उही ताण्डव नृत्यको सहन । यस्तो परिवर्तनलाई के परिवर्तन भन्ने । एउटा निरङ्कुशता गयो, थरिथरिका निरङ्कुशहरू जन्मिए । एउटाले लुट्यो भनियो, अहिले हजारौं लुटाहा देखा परेका छन् । कस्तो भाग्य देशको ?

भनिन्छ, देशको पनि भाग्य हुन्छ । देशको माटोले जे भोग्न लेखेको छ, त्यो नभोगी सुखै छैन । के देशको भाग्यमा लेण्डुप दोर्जी पनि लेखेको छ कि ? महेन्द्र चौधरी पनि लेखेको छ कि ? यदि त्यसो हो भने नेपाल पनि सिक्किम हुनसक्छ, नेपाल पनि फिजी हुनसक्छ । त्यो दिन नआओस्, नेपाल सँधै स्वतन्त्र रहन पाओस् ।

यसो भनेर के गर्ने, गणतन्त्र निधारमा लखेर नाच्नेहरू यतिखेर रुन थालेका छन् । गणतन्त्र ल्यायौं भन्नेहरू लुट्न थालेका छन् । विस्तारवादले गालेको नेपाललाई साम्राज्यवादले समेत हैकम चलाउन थालेको छ । अब त नेपाल उत्तर र दक्षिणकोमात्र होइन, विश्व शक्ति राष्ट्रहरूको समेत सामरिक खेल मैदान बनिसकेको छ । यो अवस्थामा गणतन्त्र आयो भनुँ कि गनायो तन्त्र आयो भनुँ भनेर गणतन्त्रको वकालत गरेर नथाक्ने युवाले समेत भन्न थालेको सुनिएको छ । यस्तो प्रतिक्रिया सुनेर पनि चुप्प बस्छन् नेताहरू, निर्दयतो यो हद, कसरी सकेको ?

राष्ट्र, राष्ट्रवासीको मुहारमा कान्ति छैन, खुशी मनाउने अवस्थामा छैनन्, सबै पीडामा छन्, अस्तव्यस्त र त्रस्त छन् । यस्तो अवस्थामा शुभकामना कसरी दिने, दिनेले दिए पनि लिनेले कसरी थाप्ने ? किन थाप्ने ? कतै चोरीडकैती भइरहेको छ । कतै आतंक छ, अपहरण र हत्याका घटना भएका छन् । भोकमरी छ, कतै चामल छैन, कतै औषधि छैन, जनताको अवस्था डाहाको छटपटीमा छ । वर्षको एकपटक आउने दशैंजस्तो पर्वमा राज्यले कुनै संवेदनशीलता देखाउन सकेन । राजनीतिक दलहरूले पनि जनताप्रति जिम्मेवारी बोध गर्न सकेनन् । जनता शोषित हुन र मर्नका लागि जन्मेका हुन् कि भन्ने विद्यमान अवस्था छ । यस्तो अवस्थामा बडा दशैंको शुभकामना कसरी दिने ?

जनताले राज्य छ, यो देश मेरो हो, मेरो सरकार छ, सरकारले कुरा सुन्छ भन्ने अनुभूत गर्न पाएकै छैनन् । जनता शायद राजनीतिक दलहरूका लागि भोट बैंकमात्र हुन्, जुन दिन मत खसाल्यो, जनता जन्तु भए । जनताका लागि सुखशान्ति दिने, तिनको रेखदेख र आवश्यकताको बन्दोबस्त मिलाउने काम दलहरूले पनि गरेका छैनन् । गतहप्तामात्र नेपालगञ्जमा दुई किशोरको हत्या भयो । सरकार सुरक्षा स्थिति मजबुत पारिदिएको हावादारी दावी गर्छ । आत्महत्या, सामुहिक हत्या, बेरोजगारहरूको विदेश पलायन भइरहेको ताँती, पाइला पाइलाको असुरक्षाको कारणले नेपाल जंगल बनिसकेको छ । अपराध नगरीका रुपमा चर्चित हुन थालेको देशका देशवासीले एक दोस्रालाई कसरी शुभकामना दिने ?

शान्ति दिन्छु, संविधान लेख्छु, लोकतन्त्रलाई संस्थागत गर्छु भन्ने वाचा सबै राजनीतिक दलहरूले गरेका हुन् । ती वाचा तिनले पूरा गर्न सकेनन् । खरबौं खर्च भइसक्यो, जनता कर तिरेको तिर्‍यै, विदेशी दाता सहयो दिएको दियै । राजनीतिक दलका नेताहरू लुटेको लुट्यै । योभन्दा अकर्मण्ढता र अनुत्तरदायी राजनीतिक बिकृति र बिसंगति अरु के हुनसक्छ ? मुलुक दुर्दसा भोग्न बाध्य छ, दुर्दसाबाट उन्मुक्तिका लागि राजनीतिक दलहरू पटक्कै संवेदनशील देखिँदैनन् । राजनीतिक स्वार्थका कारण देश जहाँको तहीं छ, देशलाई अग्रगामी बाटोमा लैजाने भनेर बिभत्स स्वरुपमा पुऱ्याएका छन् राजनीतिक दलहरूले । यदि राजनीतिक धर्मको कुरा गर्ने हो भने दलहरू अधर्मको पराकाष्ठा नाघिसकेका छन् ।

## दरबार...

कारण सुन्दरी हेलेन बन्न पुगिन् । मदहोस पुरुषले प्यारिसका सारा सन्तान मारेर हेलेनलाई ग्रीस फिर्ता लिएर गए ।

यस्तै इतिहास छ आम्रपालीको सुन्दरता र अनगिन्ति नरहत्याको । मगध सम्राट अजात शत्रु आम्रपालीको सुन्दरतामा मन्त्रमुग्ध भए । उनले आम्रपालीलाई पाउन लाशैलाशको बिस्कुन सुकाइदिए । आम्रपालीको अगाडि उभिएर वीर अजात शत्रुले तिमीलाई पाउन मैले सबै पर्खालहरू भत्काएर आएकोछु भनेपछि आम्रपालीले भनिन्( तिम्रो पुरुषत्वप्रति धिक्कार छ । म एउटी नर्तकीलाई प्राप्त गर्न यत्रो विनास गऱ्यौ, तिमीप्रति म प्रेम गर्न सक्दिन भनेर बुद्धको शरणमा पुगिन्, भिक्षुणी बनिन् । आम्रपालीको घृणा सहन गर्न नसकेर अजात शत्रु घोडाबाट उत्रिए अनि आफ्नो तरवार आफैले भाँचेर भड्किएको मनलाई शान्तिको खोजमा लगाए । त्यसपछि लिच्छवीहरू गंगाउत्तरबाट नेपाल भित्रिएर लिच्छवी राज्य बनाएका हुन् । बैशालीको लिच्छवी शासन गणतन्त्रवादी( व्रात्य शासन थियो, बुज्जिसंघको पतनपछि पाटलीपुत्र सभ्यता किरात, लिच्छवी, मल्ल र शाह शासनमा रुपान्तरित हुँदै आज गणतन्त्रमय बन्न पुगेको छ ।

नेपालको दरबार हत्याकाण्डमा पनि मदहोस युवराज दीपेन्द्र र वीरेन्द्र बंशविनास लीला छ । देवयानीको सुन्दरतामा युवराज दीपेन्द्र अफिमको नशामा झैं लठ्ठिएका थिए । भारतको चाल र दरवार हत्याकाण्डका बारेमा देवयानीका पिता नाती जर्नेल पशुपतिशमशेर जबरालाई थाहा थियो तर उनले राजालाई सुइकोसम्म नदिएर चन्द्र र जुद्धशमशेरको पारिवारिक झगडाको रिस फेरेको विश्वास गरिन्छ । पशुपतिशमशेर चन्द्रका खलक थिए, जसलाई राजदरबारमा छोड्छिटो गरिने पुरानै परम्परा थियो । बडामहारानी जुद्धका खलकमा पर्थिन् । हत्याकाण्डपछि पशुपतिपुत्री देवयानी भारतका कुनै राजपुतसुग घरजम गरेर बसेकी छिन् । दुई सय पचास वर्ष पुरानो राज खानदान समाप्त हुनपुग्यो । राजतन्त्रको अन्त्य नै गरियो । प्रेम स्वर्ग हो, विवेकहीन प्रेम नर्क हो । भनिन्छ, सौन्दर्यमा मदहोस हुनु बिध्वंश हो । बमको आविस्कार दिमागबाट भयो । भावनामा चल्ने हृदय, भौतिक माध्यम शरीर र चेतनामा चल्ने मष्तिष्क भए पनि सबैभन्दा शक्तिशाली दिमाग नै हो । दिमागको इच्छाशक्तिमा सबै निर्भर छ । यस्तो दिमागलाई समेत बशमा पारेर निर्देशित गर्नसक्ने तन्त्र आणविक शक्तिभन्दा बिध्वंशकारी अस्त्र हो । जुन अस्त्र नेपाली जनजीवनको अभिन्न अङ्गका रुपमा छाएको छ ।

खासगरी राणाका दरवारभित्र आज पनि जिब्रो टोकेर दरवार हत्याकाण्ड घटाउन सफल भारतीय तान्त्रिकहरूको चर्चा सुन्न सकिन्छ । चन्द्रका खलक देवयानीको कुनै हालतमा पनि बुहारी नबनाउने तत्कालीन बडामहारानी ऐश्वर्यको नारी हठ र उनको तान्त्रिक तरकिबका बशमा परेका सोझा राजा वीरेन्द्रलगायतका नातेदारहरू अनाहकमा मारिए ।

# अफगानी शरणार्थीका लागि शिक्षाको अवसर न्यून

*अस्फाक युसुफजाई*

पाकिस्तानमा पीडादायी शरणार्थीको जीवन बिताइरहेका अफगानी १३ वर्षीय अहमद जमालले आउँदो दशकमा के गर्ने भनेर अहिल्यै अनुमान लगाइसकेका छन्: आफ्ना दाजुकै पदचिन्हमा हिँड्ने उनको योजना छ।

दावत स्कुलमा कक्षा ६ मा पढ्ने यी ठिटासँग पेसावर स्कुलबाट १२ कक्षा पढेका आफ्ना दाजुले अफगानिस्तान गएर काबुल इन्जिनियरिङ कलेजमा नाम लेखाएको अझै सम्झना छ। "मेरा दाजुले दुई वर्षअघि इलेक्ट्रिकल इन्जिनियरिङ विषयमा स्नातक सकेका थिए र काबुलस्थित एउटा अमेरिकी इलेक्ट्रिकल कम्पनीमा उनले काम पाएका छन्," जमाल भन्छन्, "उनले खाइपाइ आएको तलबभन्दा बढी पाउने गरी राम्रो रोजगारी पाउन म कोसिस गर्नेछु।"

तर यी ठिटालाई दाजुले गरेको प्रयास चानचुने होइन भन्ने राम्रैसँग थाहा छ, तर उनी टाढै भए पनि स्कुल जान पाएकोमा आफूलाई भाग्यमानी ठान्छन्। उनी भन्छन् अधिकाँश अफगान शरणार्थी पाकिस्तानमा निकै कठिनाइपूर्ण जीवन धानिरहेका छन् र धेरैले आफ्नो शिक्षा बेरोकटोक पूरा गर्न पाएका छैनन्।

आफ्नो समुदायमा देखिएको अवस्थाका बारेमा व्याख्या गर्दै अहमद जमाल अगाडि भन्छन्: ५ कक्षामा पुग्नुअघि नै ३० प्रतिशत अफगानी शरणार्थी केटाकेटीले विद्यालय छाड्ने गरेका छन् किनभने उनीहरूका परिवारसँग युनिफर्म किन्न वा यातायात खर्चका निम्ति पैसा छैन। अफगानी विद्यार्थीले महिनाको शुल्क करिब ३० अमेरिकी डलरसम्म बुझाउनुपर्दछ। अफगानिस्तानसँग सीमा जोडिएको यस सहरमा कार्यरत अफगान शिक्षक मोहम्मद ताहिर आईपीएससँग भन्छन्, "पाकिस्तानमा आफ्ना केटाकेटीलाई शिक्षा प्रदान गर्नु प्रत्येक अभिभावकको सपना हो ... र यो प्रवृत्ति शरणार्थीमा समेत छ। अभिभावकहरूले आफ्ना छोराछोरीको विद्यालय शुल्क बुझाउनका निम्ति निकै मिहेनत गरिरहेका हुन्छन्।"

पाकिस्तानमा अहिले पनि करिब १७ लाख अफगान शरणार्थीले आश्रय लिइरहेका छन् र तीमध्ये बहुसङ्ख्यक शरणार्थी उत्तर-पश्चिमी खिबर पख्तुनख्वा प्रान्तमा छन्। एकपटक पाकिस्तानले युद्धबाट क्षतिग्रस्त भएको अफगानिस्तानबाट आएका पचास लाख अफगानीलाई आतिथ्य प्रदान गरेको थियो। तर, राष्ट्रसङ्घको तथ्याङ्क अनुसार सन् २००२ देखि झण्डै ३५ लाख शरणार्थी आफ्नै मुलुक अफगानिस्तान फर्केका छन्।

अफगान शरणार्थीका निम्ति राष्ट्रसङ्घको सक्रियतामा पाकिस्तानले शरणार्थी फिर्ती कार्यक्रम सञ्चालन गरेको छ। यद्यपि, पाकिस्तानले दर्तावाल अफगानी शरणार्थीलाई सन् २०१२ सम्म पाकिस्तानमै बस्न पाउने सहमति जनाइसकेको छ। ताहिर भन्छन् बितेका केही वर्षदेखि शरणार्थीले बढी मात्रामा आफ्ना बालबालिकालाई शिक्षा प्रदान गर्न रुचि देखाएका छन्। यसको कारण नै अफगानिस्तानको परिस्थितिमा सुधार भएकोले हो।

अर्का अफगान शिक्षक जलाल शाहको टिप्पणी छ, "सबै अफगानीले शिक्षा प्राप्त गर्न चाहेका छन्। उनीहरूले आफ्ना दुःखदायी अवस्थाका बारेमा धेरै कुरा बुझिसकेका छन्। शिक्षाले मात्र सन्तुष्टी र खुशी ल्याउन सक्छ भन्नेमा उनीहरू ढुक्क छन्।" पाकिस्तानमा अफगान शरणार्थीका निम्ति खोलिएका १० वटा कलेज र विश्वविद्यालय सन् २००१ को अन्त्यमा काबुलको तालिवान सरकारलाई अमेरिकी नेतृत्वको फौजले परास्त गरेपछि अफगानिस्तानमै पुऱ्याइएका छन् र पाकिस्तानमा अफगान शरणार्थीका निम्ति प्राप्त भइरहेको अन्तर्राष्ट्रिय सहायतामा समेत व्यापक कटौती गरिएको छ। यस कार्यले उनीहरूको शिक्षा प्राप्त गर्ने चाहनामाथि तुषारापात गरिरहेको छ र यो विडम्बना नै हो।

पेशावरस्थित राना अफगान स्कुलका प्रिन्सिपल अब्दुल जब्बार भन्छन्, "अफगान विद्यार्थीको सङ्ख्या बढेको भए पनि विद्यालयको सङ्ख्या घट्दै गएको छ किनभने अधिकांश विद्यालयहरू अफगानिस्तानतर्फ स्थानान्तरण गरिएका छन्। मुख्य समस्या नै हामीले विद्यालय सञ्चालनका निम्ति महङ्गो भाडामा भवनहरू लिनु हो।"

खिबर पख्तुनख्वाका शिक्षामन्त्री सर्दार हुस्सैन बाबाकको दृष्टिकोण आलोचनात्मक छ। उनी अफगान सरकारसँग शरणार्थीले सहयोग माग्नुपर्ने तर्क गर्दछन् किनभने अफगान विद्यालयहरू अफगान शिक्षा मन्त्रालय अन्तर्गत सञ्चालित छन्। "यदि उनीहरूलाई कुनै प्रकारको प्राविधिक सहयोग चाहिएमा हामीले त संयोजन मात्र गर्ने हो तर हामी उनीहरूलाई कुनै प्रकारको अतिरिक्त सहयोग प्रदान गर्न सक्ने अवस्थामा छैनौं," उनले एक अन्तर्वार्तामा भनेका छन्। यहाँ रहेका अफगानीहरूले आफ्नो अध्ययनलाई निरन्तरता दिने हो भने उतै फर्किनुपर्दछ, बाबाक थप्छन्।

"अहिले हामीले कुनै किसिमको विदेशी सहायता पाएका छैनौं र पैसा तिर्नसक्ने अफगानीले मात्र शैक्षिक संस्थाहरूमा पढ्न सक्छन्," स्वाबी जिल्लामा रहेका अफगान कलेजमा १२ कक्षामा अध्ययनरत अजिज साफी बताउँछन्। "राष्ट्रसङ्घले पनि शरणार्थीको फिर्तीका निम्ति नै प्रोत्साहन गरिरहेको छ र शरणार्थीलाई थप सहयोग गर्ने मनस्थितिमा छैन।"

अफगानी विद्यार्थीका विषयमा सहयोग गर्न खोलिएको यहाँस्थित अफगान कन्सुलेटको शिक्षा शाखामा पनि रकमको अभाव भएको छ। शाह भन्छन्, "अफगान विद्यार्थीलाई पाकिस्तानका इन्स्टिच्युटमा आरक्षण गरिएका स्थानमा भर्ना गराउन हामीले सहयोग मात्र गरिरहेका छौं तर यस्तो सङ्ख्या पनि ज्यादै कम छ।"

पाकिस्तानका विश्वविद्यालयमा अफगान शरणार्थीका निम्ति सीमित सङ्ख्याको सिट मात्र उपलब्ध छ। उदाहरणका लागि, मेडिकल र इन्जिनियरिङमा हरेक वर्ष एउटा मात्र सिट आरक्षित छ। यसैकारण अध्ययनलाई निरन्तरता दिन चाहने माध्यमिक शिक्षा पूरा गरेका अधिकांश अफगान शरणार्थी विद्यार्थी अफगानिस्तान जान थालेका छन्।

तैपनि, धेरै शरणार्थीले पछिल्ला दिनमा अफगानिस्तानमा बढेको हिंसा र अनिश्चयका कारण आफ्ना केटाकेटीलाई अफगानिस्तान पठाउन हिचकिचाइरहेका छन्। "अफगानिस्तानभन्दा पाकिस्तानमै राम्रो छ किनभने यहाँ हाम्रा केटाकेटी सुरक्षित छन्," अफगान शिक्षक जुबैदा बिबी भन्छिन्। "अफगानिस्तानमा महिला विद्यालयहरू तालिबानी आक्रमणको तारो बनेका छन्।"

उनी विश्व बैंकको सन् २००९ को प्रतिवेदन उद्धृत गर्दै गत वर्ष मात्र अफगानिस्तानमा एकहजार १५३ वटा शिक्षाकेन्द्रित आक्रमण भएको बताउँछिन्। ती आक्रमण अन्तर्गत विद्यालयमा आगजनी वा ग्रिनेड बिस्फोटका साथै विद्यार्थी र शिक्षकको हत्या भएका छन्। बिबी प्रश्न गर्छिन्: "यस्तो परिस्थितिमा हामी विद्यार्थीलाई अफगानिस्तान जान कसरी सल्लाह दिनसक्छौं? अध्ययनको प्रमाणपत्र प्राप्त गरेर राम्रो रोजगारी प्राप्त गर्न चाहने विद्यार्थीका लागि भने अफगानिस्तान फर्कनुबाहेक अर्को विकल्प छैन। "पढाइखर्च जुटाउन म विहानको समयमा पसलमा काम गर्छु र साँझपख विद्यालय जान्छु," यहाँका अफगानी शरणार्थी विद्यार्थी भन्छन्। "मेरो योजना यहाँ १२ कक्षा उत्तीर्ण गरेपछि अफगानिस्तान गएर काबुल मेडिकल कलेजमा अध्ययन गर्ने रहेको छ।"

## सशस्त्र समाचार

### एपीएफ टोलीद्वारा पटका तथा लागूऔषधसहित पक्राउ

काठमाडौं, काठमाडौं जिल्लाको नागढुंगाबाट एपीएफ टोलीले पटकासहित एक जनालाई पक्राउ गरेको छ। सिरहा घर भई वानेश्वरमा डेरागरी बस्ने रविन्द्र मण्डललाई एपीएफ टोलीले पाँच प्याकेट पटकासहित पक्राउ गरेको हो। सशस्त्र प्रहरी बल निलवाराही गण बलम्बुबाट सशस्त्र प्रहरी सहायक निरीक्षक नरेन्द्र शाक्यको कमाण्डमा खटिएको एपीएफ टोलीले त्यसठाउँमा सवारी साधनमा जाँचगर्ने क्रममा उनलाई उक्त पटकासहित पक्राउ गरेको थियो। एपीएफ टोलीले बरामद पटकासहितै उनलाई आवश्यक कारवाहीको लागि आजै स्थानीय प्रहरीलाई बुझाएको छ।

यसैगरी सशस्त्र प्रहरी बल राजस्व एवं भन्सार सुरक्षा वेस गड्डाचौकीबाट गस्तीमा खटिएको एपीएफ टोलीले कञ्चनपुरको गड्डाचौकीबाट करीव ७६ प्याकेट पटका बरामद गरी स्थानयीवासीको रोहवरमा तत्कालै नष्ट गरेको छ। यसअघि आइतबार सोही वेसबाट खटिएको एपीएफ टोलीले उक्त स्थानबाटै बरामद गरेको ५५ प्याकेट पटका नष्ट गरिएको छ। यसैगरी मोरङ्गको टंकिसिनवारी चोकबाट एपीएफ टोलीले लागूऔषधसहित वेलुका पाँच जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सो जिल्लाको इन्द्रपुर ५ बस्ने प्रदिप चौधरी, बाहुनी ९ बस्ने सुरेन लुईटेल, सुनसरी बराहक्षेत्रका टंकराज श्रेष्ठ, टेक रानामगर र झापाको धर्मपुर बस्ने सनम लिम्बु छन्। उनीहरूलाई सशस्त्र प्रहरी बल कंकालिनीमाई गण टंकिसिनवारीबाट खटिएको एपीएफ टोलीले २० वटा नाइट्रोजन तथा ११ वटा डाइजेपाम ट्याब्लेटसहित पक्राउ गरेको हो। सवारी साधनमा जाँचगर्ने क्रममा लागूऔषधसहित पक्राउ परेकाहरूलाई एपीएफ टोलीले आवश्यक कारवाहीको लागि तत्कालै स्थानीय प्रहरीलाई बुझाएको छ।

### दुर्घटनामा परी घाइते भएकाहरुको उद्धार

रौतहट, पूर्व-पश्चिम राजमार्ग अन्तर्गतको रौतहट जिल्लास्थित चन्द्रनिगाहपुर नजिकै यात्रुवाहक बस दुर्घटना हुँदा १० जना यात्रुहरू घाइते भएका छन्। दुर्घटनामा परी घाइते भएकाहरूलाई एपीएफ टोलीले तत्कालै उद्धार गरी उपचारार्थ जानकी अस्पताल चन्द्रनिगाहपुरतर्फ पठाएको छ।

दुर्घटनाबारे जानकारी प्राप्त हुनासाथै सशस्त्र प्रहरी बल सुरक्षा वेस चन्द्रनिगाहपुरबाट एम्बुलेन्ससहित उद्धार कार्यको लागि एपीएफ टोली परिचालित भएको थियो। उद्धार कार्यमा खटिएको एपीएफ टोलीले घाइतेहरू सबैको उद्धार गरी सशस्त्र प्रहरी बलको एम्बुलेन्समा राखी उक्त अस्पताल पुऱ्याएको थियो। काठमाडौंबाट सर्लाहीको मलंगवातर्फ जाँदै गरेको ना.४ ख ३५१७ नम्बरको यात्रुवाहक बस विहान करीव साँढे तीन वजे त्यसठाउँमा दुर्घटना भएको थियो। बसका चालक निधाएको कारण उक्त दुर्घटना भएको बताइएको छ। यसैगरी गएराति विष सेवन गरी अचेत अवस्थामा रहेका कैलालीको बलिया ८ बस्ने स्थानीय व्यापारी ओमप्रकाश अग्रवाललाई एपीएफ टोलीले सशस्त्र प्रहरी बलको एम्बुलेन्समा राखी तत्कालै अस्पताल पुऱ्याएको छ।

निज अग्रवाल विष सेवनबाट वेहोस भएको भनी उनका आफन्तले उपचारको लागि अस्पतालसम्म लैजान सशस्त्र प्रहरी बल सुरक्षा वेस डुडेझारीमा अनुरोध गरेपछि सो वेसबाट मेडिकलसहित खटिएको एपीएफ टोलीले तत्कालै सशस्त्र प्रहरी बलको एम्बुलेन्समा राखी उनलाई उपचारार्थ मेडिकल कलेज कोहलपुरतर्फ पुठाएको थियो।

### चोरीको गाडी बरामद

बारा / चोरीपैठारी गरी ल्याइएको करीव १४ लाख रुपैयाँ बराबरको गाडी बारा जिल्लाको परवानीपुरबाट एपीएफ टोलीले बरामद गरी आवश्यक कारवाहीको लागि भन्सार कार्यालय वीरगंजमा बुझाएको छ। सशस्त्र प्रहरी बल राजस्व एवं भन्सार सुरक्षा वेस वीरगंजबाट खटिएको एपीएफ टोलीले उक्त मूल्य बराबरको एउटा बलेरो गाडी बरामद गरेको हो। अवैध ढंगबाट ल्याइएको उक्त बलेरो गाडी त्यसठाउँमा लुकाई राखेको अवस्थामा सो वेसबाट सशस्त्र प्रहरी निरीक्षक लिलीबहादुर चन्दको कमाण्डमा गस्तीमा खटिएको एपीएफ टोलीले बरामद गरेको थियो।

उता पर्सा जिल्लाको बागवाना ९ स्थित ब्रम्हचारी गाउँमा अवैध ढंगले लुकाइछिपाई रोखेको अवस्थामा फेलापरेको करीव दुईसय ५० क्युफिट सालको १९ वटा गोलिया काठ एपीएफ टोलीले बरामद गरेको छ। उक्त काठ सशस्त्र प्रहरी बल सुरक्षा वेस बेलुवा र सुरक्षा वेस बागेश्वरीबाट खटिएको एपीएफ टोली र स्थानीय प्रहरीले हिजो वेलुका बरामद गरेको हो। एपीएफ टोलीले बरामद काठ आवश्यक कारवाहीको लागि स्थानीय वन कार्यालयमा बुझाएको छ।

# दरवार हत्याकाण्ड र तन्त्रसाधना

राजन कार्की

जारको समयमा रास पुटिन रसियाका नामी तन्त्रविद थिए । उनले तत्कालीन 'नोबल फेमिली'लाई यसरी एकोहोर्‍याए कि महारानी उनी भनेपछि हुरुक्कै हुन्थिन् । रास पुटिन जन्मजात पक्षाघात भएकालाई यसरी एकोहोर्‍याउथे कि उनले आदेश दिएपछि पक्षघात भएको व्यक्ति जुरुक्क उठेर हिड्थ्यो । रेलमा थरथर हात कामेर यात्रा गरेका व्यक्तिलाई गिलास समात् भन्दा उ गिलास समातेर उठ्थ्यो । रास पुटिनप्रति महारानीको लग्गूपन, रास पुटिनले राज्य पल्टाउन लाग्यो भनेर तीन जर्नेलले रासपुटिनलाई विष खुवाए, गोली बर्साए, तैपनि रासपुटिन मरेनन् । अन्तमा, आगोमाथि घोप्टिन पुगेपछि रासपुटिनको अन्त्य हुनपुग्यो ।

अर्थात पावर अफ माइण्ड सर्वश्रेष्ठ हो । शरीर केही होइन, डोर्‍याउने आत्मा हो । अरुको आत्मा वा चेतलाई एकाग्र पारेर, निर्देशित गरेर आफ्नो उद्देश्यमा सशक्ती पारेर लाने एकाग्र विद्या, प्रविधि । यही प्रविधिलाई पूर्वीय दर्शनको तन्त्र भन्दा हुन्छ ।

हुन त महाभारतमा भीष्मको इच्छामृत्यु, तीरको शैयामा लम्पसार पर्दा पनि नदुख्नु भनेको 'सेन्टर अफ सेन्सलाई ट्रान्सफर' गर्न सक्नुले हो । क्राइष्टलाई किला ठोकेर झुण्ड्याउदा क्राइष्टले कुनै चित्कार नगर्नु पनि यही हो । हिटलरको डिक्टेटिङ् पावर, नेपोलियनको चमत्कार, गान्धीको सत्याग्रह(बन्दे मातरम, महेन्द्रको ...जंगी निशान हाम्रो, यी यस्ता आवाज थिए जसले अरुको ध्यान खिच्न सफल थियो, सुन्नेलाई एकाग्र पारेको थियो, यसलाई 'पोलिटिकल हिप्नोटिज्म' भन्न सकिन्छ ।

तन्त्र के हो भन्ने बिषय समुद्र मन्थनजस्तै व्यापक छ भन्दै एक तन्त्रका साधकले बताए( तन्त्र विज्ञान हो । तन्त्रको स्रोत भौतिकवाद, पञ्च इन्द्रीयको विकासमा आधारित प्राचीन हिन्दू धर्मको जीवन पद्धति हो । तन(मन(आत्माको जराबाट उत्पत्ति भएको पद्धति हो यो । जसरी स्वीच थिचेपछि बत्ती बल्छ, करेन्ट देखिन्न । बत्ती बल्नु 'रिफ्लेक्शन'मात्र हो । शक्ति अति सुक्ष्म छ । त्यस्तै मानसिक चेतना, भौतिक शरीर, अध्यात्म (आत्मशक्तिको समीश्रणबाट नयाँशक्ति निस्कन्छ, त्यही हो तन्त्र । अर्थात मानसिक, अध्यात्मिक र भौतिक स्रोतको सन्तुलन शक्तिमा परिणत हुनु तन्त्र हो । अर्का एक तान्त्रिक भन्छन्( देवघाटको त्रिवेणी । तीन नदीको पानी, पानीको करेन्ट । एउटा यस्तो विन्दू, केन्द्रमा निश्चल हुन्छ, त्यो केन्द्रलाई समाधिको केन्द्रविन्दू मानिन्छ । त्यहाँ कुनै 'फोर्स'को प्रभाव हुन्न । बुद्धको निर्वाणको विन्दू पनि त्यही हो । तन्त्रको विन्दू पनि त्यही । भौतिकवाद र अध्यात्मबादको फ्यूजनको केन्द्रविन्दू तन्त्र हो । मन्दिरका टूँडालहरू कलात्मक तन्त्र हुन्, कतिपय ठाउँमा तामस कलाकृतिमा तन्त्रका अनेकन आकृतिहरू अङ्कित देखिन्छन् ।

हिजोका दिनमा आणविक अस्त्र थिएनन्, हिप्नोटिज्म र तन्त्र, मन्त्रबाट शक्ति आर्जन गरिन्थ्यो । तन्त्र अदृश्य अस्त्रका रुपमा विकसित भएको देखिन्छ । टुनामुना, कुण्डलिनी जगाउने, पूर्वजन्मका आख्यानहरू, आखेट हेर्ने, जोखना हेर्ने, जन्मकुण्डली, ग्रहदशा, मोहनी लगाउने, भूत भगाउने, केही लाग्यो भनेर पन्छाउने, झारफुक, क्षेत्रपाल, नाग लाग्यो वा देवी देउता रिसाए भनेर पूजा गर्ने, कूल देउता, मूल देउता खुशी पार्ने, नाडी हेर्ने, धामी(झाँक्रीको प्रयोग, ग्रह दशा मोचन वा मठ(मन्दिरको स्थापना, जात्रा, स्थानान्तरण वा पूजा गर्दा तन्त्र, मन्त्रबाट मात्र गर्ने यी सबै साधन साध्यका रुपमा विकसित भएर आएका देखिन्छन् । इन्द्रजाल, ब्रम्हजाल, नागपासजस्ता प्रविधि पनि तन्त्रमन्त्रकै विधिबिधान हुन् ।

तन्त्र हतियार हो । मानसिक शक्तिमा एकाग्रता उत्पन्न गराएर, प्रभाव पारेर उसलाई आफ्नो अभिष्ठमा उत्प्रेरित गर्ने र अर्को स्थिति उत्पन्न गराउने शस्त्रको नाम तन्त्र हो । तन्त्र सकारात्मक र नकारात्मक दुईथरि हुन्छन् । स्वार्थपूर्ति गर्ने तन्त्रलाई कालतन्त्र भनिन्छ । यो असूरहरूले स्वार्थपूर्तिका लागि बिनासकारी रुपमा प्रयोग गर्ने गर्छन् । अर्को स्वेततन्त्र छ, यो पवित्र तन्त्र हो । यसले शुद्धिकरणको माध्यमबाट उच्चकोटीको उच्चाटनतिर उन्मुख गराउँछ । स्वेततन्त्र निर्माण हो भने कालतन्त्र ध्वम्सात्मक हुनेगर्छ । तन्त्रको काम अरु आत्मालाई दमन गर्ने र आफ्नो आत्मामा बशीकरण गर्नका लागि प्रयोग गरिने अदृश्य शक्तिशाली हतियार हो । मन्त्र जपेपछि तन्त्रको प्रभाव सुरु हुन्छ । तन्त्र(आणविक हतियारजस्तै बिनासक हुन्छ ।

कालतन्त्रका अनेक रुप छन्( अपराधतन्त्र, दानवतन्त्र, द्वेषतन्त्र, बशीकरणतन्त्र, मोहनी तन्त्र, एकाग्रतन्त्र आदि । यी तन्त्रशक्ति आर्जन गर्नेहरूले अनेकथरि साधना गरेका हुन्छन् । मसान सिद्धि, अष्ठसिद्धी आदि । सबैभन्दा कडा सिद्धि भैरवीतन्त्र मानिन्छ । मसानघाटमा महिलाको लासमाथि संभोगरत साधनाबाट प्राप्त हुने तन्त्रशिद्धि बढी प्रभावशाली मानिन्छ । कालतन्त्रको जड भनेको षडयन्त्र हो । यो तन्त्र खासगरी हिन्दू बाहुल्य भएको भारत र नेपालमा व्यापक रुपमा अस्तित्वमा छ । विश्वकै सबैभन्दा ठूलो लोकतन्त्र भनेर दावी गर्ने भारतमा दिगम्बर बाबा, लकडबाबा, अघोरी बाबा, नागाबाबा, धीरेन्द्र ब्रम्हर्षी, चन्द्रास्वामी, सिद्ध, जयन्द्र सरस्वतीलगायत, तान्त्रिकहरू राजनीतिका अदृश्य केन्द्रशक्तिका रुपमा स्थापित रहेका छन् । भारतको इतिहासमा निर्वस्त्र बस्ने दिगम्बर जैन र रुखमा मचान बनाएर खुट्टा खसालेर बस्ने लडकबाबाको आश्रममा कुनै बेला इन्दिरा गान्धी बिना संकोच आशीर्वाद लिन पुग्थिन् । चन्द्रा स्वामीले त राजीव गान्धी कालमा बोफोर्स काण्ड नै मच्चाई दिए । नेपाली राजनीतिका अति महत्वाकांक्षीद्वय प्रचण्ड र सुजाताको गुरु चरण सेवा र माघ २९, २०६६ को महिष पुजन (हिमाल) यस्तै प्रसङ्ग हुन् । हिन्दू होम, यज्ञादि, तन्त्र र साधनाको प्रभाव मुस्लिम देश पाकिस्तानमा पनि परेको देखिन्छ । पाकिस्तानी राष्ट्रपतिले प्रत्येक दिन कालो बोको 'कुर्बान' गरेको समाचार प्रकाशमा आएको छ । योग साधनालाई माध्यम बनाएर एकाग्र पार्ने प्रविधि चम्काएर आधुनिक कालका नयाँ बाबा निस्किएका छन्( बाबा रामदेव । उनीमाथि पनि 'रामबुटी'मा मान्छेको हाडखोड मिसाएको आक्षेप लागेको छ । अर्को महापुरुष साई बाबा समाजकल्याणको माध्यमबाट सबै धर्म र सबै बर्गमा 'भगवान साई' बनेर छाएका छन् । साइबाबाको खालीहातबाट निस्कने बिगुत कुनै तान्त्रिक शिद्धि हुनुपर्छ ।

मन्दिरै मन्दिरको देश नेपालमा तन्त्र जनजीवनमा व्याप्त छ । बच्चा जन्मेदेखि मरेपछि पनि तन्त्र र मन्त्रको चौघेरामा उसको अस्तित्व र आत्मा घुमिरहेको हुन्छ । नेपाल धर्म भूमि हो, यो भूमिमा मायाजाल छ, महाविद्या र पञ्चाङ्ग पनि चलकै छ । यहाँ आत्मा, परमात्मा र पुनर्जन्मको विश्वास पनि कायमै छ । पाठपूजा, स्वस्तीशान्ति, द्वीप प्रज्ज्वलन, कुमारी पूजा, स्वेत(कालभैरव, अनेक जात्रा चलिरहेकै छन् । गणेशले दूध खाएको र दोलखा भीमसेनलाई पसीना आउँदा उपद्रो हुने विश्वास, क्षमा पूजा पनि चलिरहेकै छन् । सर्वआध्या रामेश्वरी तुलजा भवानीले कुनै बेला राजासूँग प्रत्यक्ष पासा खेलेका प्रसङ्गदेखि यो राज्य तिनै तुलजा भवानीको कटकिञ्जारी हो भन्ने विश्वास पनि बुढा पुरानाहरू भन्दैछन् ।

यो यही धर्ती हो, बाबु मारेर राजा बनेका राम शाहले तन्त्रकै बलमा न्यायका उदाहरण बन्न सफल भए भने काका मारेका नीरशमशेर आज पनि सम्मानित छन् । प्रताप मल्ल, लक्ष्मीनर्सिङ् मल्लको युग तन्त्रमन्त्रले भरिपूर्ण थियो । तन्त्रकै बलमा ज्यान मारेका व्यक्तिको शासनलाई स्वर्ण युग मानियो । पृथ्वीनारायण शाहका भाई सिंहप्रताप शाहले काठमाडौंकी महिलाको यौनाङ्गमा तन्त्र साधना गरेर शिद्धि प्राप्त गरेको आख्यान अहिले पनि चलेकै छ । यिनै सिंहप्रतापले नेवार्नीसूँग बिबाह गरेर अन्तरजातीय सम्बन्ध र सम्पर्क बढाएका थिए । मैजु महारानीका सम्बन्धमा गीत नै बनेको छ( राजमती कूमती, जिके वन पिरती...। ज्यानमारा, ठग, माफिया, भ्रष्टाचारीले हातभरि तान्त्रिक औंठी लगाएर तन्त्रलाई गंगाधाम नै बनाएका छन् ।

२०५८ साल जेठ १९ गते सबैभन्दा सुरक्षित दरवारमा हत्याकाण्ड भयो । तन्त्रको अदृश्य हतियारको एक्कै प्रयोगमा नेपालका अङ्प्रत्यङ्गलाई क्षतबिक्षत पारियो । यद्यपि यो रहस्य रहस्य नै छ । संहार भैरवको यो संभार लीलाको यथार्थ उजागर गर्न तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालादेखि प्रचण्ड र माधव नेपालसम्मले कुनै प्रयत्न गरेनन् । तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्य, अधिराजकुमार निराजन, अधिराजकुमारी श्रृती, शान्ति सिंह, शारदा शाह, जयन्ती शाह, कुमार खड्गविक्रम शाही, धीरेन्द्र शाह र युवराज दीपेन्द्र यो हत्याकाण्डमा बली चढे । यो हत्याकाण्डका नायक युवराज दीपेन्द्रलाई बनाइयो, कारण बनिन् राप्रपा अध्यक्ष पशुपतिशमशेर राणाकी छोरी देबयानी । बडामहारानी देवयानीलाई बुहारी बनाउन नचाहने, राजा केही नबोल्ने र युवराज दीपेन्द्र र देवयानीवीचको गाडा प्रेम सार्वजनिक भए पनि दरवार हत्याकाण्डपछि सम्पूर्ण जिम्मेवार अधिराजकुमार ज्ञानेन्द्रको टाउकोमा थोपरियो । हत्याकाण्डलाई ग्याण्ड डिजाइन भन्ने कोइराला बिते, अरु चुपचाप छन्, यो रहस्य कहिलेसम्म रहने ?

अर्थात्, दरवार हत्याकाण्डले वीरेन्द्र वंश बिनास गर्‍यो, अधिराजकुमार ज्ञानेन्द्रलाई गद्दीमा बसाल्यो र राजतन्त्रको अन्त्यको कारण बनाइयो । यो हत्याकाण्डले राजतन्त्रको मात्र हत्या गरेन, नेपालीत्वको हत्या गर्‍यो, अस्तित्वको हत्या गर्‍यो, जाति(भाषा(क्षेत्रगत एकताको हत्या गर्‍यो । सुरक्षा, नागरिकता, संस्कार, धर्म र राष्ट्रियताको हत्या गर्‍यो । अब नेपालको झण्डाको हत्या गर्ने तैयारी सुरु भइसकेको छ ।

हुन त माओवादी दलका अध्यक्ष प्रचण्डले राष्ट्रवादी भएकै कारण राजा वीरेन्द्रको हत्या गरियो भनेर बारम्बार भन्नुभएको छ । सत्तामा हुँदा दरवार हत्याकाण्ड छानबिन गराउने कुरा गर्नु भएको पनि हो । तथापि प्रश्न जारी छ( के यो हत्याकाण्डमा तन्त्र हावी थिएन ? थिएन भने हत्याकाण्डअघि भारतबाट आएका तन्त्रसाधकहरूले रात(रातभर हाँडीगाउँको एक सम्भ्रान्त परिवारको बुइगलमा बसेर तन्त्र साधना किन गरे ? ग्वालिएरकी चेलीलाई हतियार बनाएर किन भारतीय तान्त्रिकहरू प्रयोग गरिए ? के दरवार हत्याकाण्डमा 'र'को हात छैन ? कतै तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला तन्त्रकै बलमा प्रयोग त भएनन् ? हत्याकाण्डपछि ज्ञानेन्द्रलाई गद्दीमा राख्ने पनि गिरिजा र २०६४ साल जेठ १५ गते राजतन्त्र समाप्त पार्ने पनि गिरिजा ? यो कस्तो आफै बोक्सी, आफै झाँक्रीको भूमिका ? नेपालको सामरिक महत्व र भारतको हातबाट खुस्कदै गएको लगाम कस्न तन्त्रअस्त्र प्रयोग गरिएको अड्कल धेरैको छ । भारतकी चेलीलाई नेपालको बडामहारानी बनाउने साजिस पनि थियो यो । प्रश्न अनेक छन्, भारतको बशिकरणमा परेको नेपाली राजनीति मौन छ ।

दरवार हत्याकाण्डका सम्बन्धमा धेरै यक्ष प्रश्नहरू छन्, जुन अनुत्तरित छन् । इतिहासअनुसार स्त्री हठलाई संयमित पार्न नसक्नेहरू दण्डित भएका छन् । स्त्री प्रकृति हो, पूर्ण शक्ति । जसरी भगवान शिवजीले कालीलाई पाइतालाले कुल्चूदा कालीको जिब्रो टोकेको कलाकृति देखिन्छ, यथार्थमा त्यो शक्तिको मिलन हो, सिर्जनाको पूर्ण शक्ति । यो प्राकृतिक माध्यमलाई जीवनमा उतार्न नसक्नु पुरुषको कमजोरी हो । भगवान कृष्णले स्त्रीलाई त्यस्तो गहिराईको रुपमा चित्रित गर्दै जसलाई अजमाउनु असम्भव बताउनु भएको छ । स्त्रीप्रति सम्मान र मोह वास्तविकता हो, जसले आत्मसमर्पण गर्छ त्यो मूर्ख हो भन्दै स्त्रीलाई सम्मानित गर, माया देउ, विश्वास देउ तर आत्मा नदेउ भनिन्छ । प्रकृतिलाई अरेबियन घोडा बन्न दिनु हुन्न । यही प्रसङ्लाई शेक्सपियरले किङ् डङ्कनको हत्यामा म्यागबेथलाई सुर्‍याउने लेडी म्यागबेथको चरित्रका रुपमा प्रस्तुत गरेका छन् । स्त्रीजाति टाढा देख्छन्, बुद्धी तीक्ष्ण हुन्छ र भावनात्मक पनि हुन्छन् । जब पुरुषलाई ङ्याक्न थाल्छन्, अर्दली बनाउँछन् । सम्भबतः रानी ऐश्वर्यको स्त्री हठबाट पराजीत राजा वीरेन्द्र घीउलाटो बने, निर्णय गर्न सकेनन् । शक्तिको केन्द्र रानी बनिन्, दरवार हत्याकाण्डको आधारभूमि निर्माण भयो । शिवाजीले अब्जल खानलाई बाग्न्याक (काँडे पञ्जा) हानेको वर्णन कम रोचक छैन ।

महाराज रत्नसेनले पुरोहित राघब पण्डितलाई पूर्णिमा कहिले भनेर सोध्दा झुलुक्क पद्मिनी देखेका पण्डितले इन्द्रजाल गरेर आजै हो भनिदिए । हुन पनि महारानी पद्मिनी पूर्ण चन्द्रमाजस्तै उज्याली, बिछट्टकी सुन्दरी थिइन । वास्तवमा पूर्णिमा भोलिपल्ट रहेछ । यो थाहा पाएका महाराजले राघव पण्डितलाई कालोमोसो दले, गधामा सवार गराएर देश निकाला गरिदिए । अपमानित राघब पण्डित कसरी बदला लिने भनेर जङ्गलमा भड्किरहेको बेलामा अलादिन खिल्जी सिकार खेल्न त्यही जङ्गलमा पुगे । राघव पण्डितले मन्त्रमुग्ध पार्ने तान्त्रिक श्वरमा बासुरी बजाएर खिल्जीको ध्यान आफूतिर खिचे । अनि उनले खिल्जीलाई चित्तौढको रत्नसेनको दरवारमा सुन्दरी पद्मिनी छिन्, संसारमा त्यति सुन्दरी कोही पनि छैन, देख्यौ भने तिमी त्यहीँ मुर्छा पर्छौ भनेर खिल्जीको मनमा मोह उत्पन्न गराइदिए ।

त्यस्ती सुन्दरी त मेरो दरवारमा हुनुपर्ने भन्ने प्रणयमोहमा परेका खिल्जीले चित्तौढ कुच गरे । घोडाको टापले उडाएको धूलोले ३ दिनसम्म सूर्यलाईसमेत छेकेको वर्णन छ । रत्नसेनका सामु पुगेर खिल्जीले भाइचारा र मित्रता गर्न आएको बखान गरे । रानी पद्मिनीको दर्शन गर्ने इच्छा जाहेर गरे । रानी पद्मिनीले महाराज रत्नसेनसूग मलाई यसका सामु नदेखाउ, यसको नियत खराव छ भन्दा पनि महाराजले मानेनन् । बाध्य भएर महारानी पद्मिनीले ठूलो ऐनामार्फत आफ्नो अनुहार देखाएर दर्शन गरिन् । महारानी पद्मिनीको मुहार देखेका खिल्जी मदहोस भए, उनको सुन्दरता देखेर उनीभित्र तीब्र कामवासनाको आकांक्षा उठ्यो । त्यसपछि खिल्जीले महाराजसूग महारानी पद्मिनी प्राप्त गर्ने लालसा प्रकट गरे । महाराज रिसाए, खिल्जीले महाराजलाई कब्जा गरेर पद्मिनीको हरण गर्न खोजे । पद्मिनीले पुरोहितमाथि विश्वास नगर्नु, प्रलोभनमा पारेर समाजको शोषण गर्छन् भन्ने सराप दिइन् र दरवारका सारा महिलाले जवाहर (सती) जान धमाधम आगोमा हाम फालेर प्राण त्याग गरे । आइमाईको सुन्दरता पनि विनासकारी हुन्छ भन्ने यही इतिहासझैं भयो नेपालको दरवार हत्याकाण्ड । युवराज दीपेन्द्र र देवयानीको प्रेम अन्ततः दरवार हत्याकाण्डको बिध्वंश बन्नपुग्यो । नेपालको शासनव्यवस्थामा कायापलटमात्र भएन, निरन्तरता टक्क रोकियो, इतिहासको नयाँ परिच्छेद सुरु हुनगयो । यो घटनामा थप रहस्य भए पछि थाहा होला ।

हेलेन अफ टूवाई( विश्व सुन्दरीको जीवन पनि रक्तपातपूर्ण रह्यो । राजकुमार प्यारिसले मेन्नेलियस, ग्रीसकी हेलेनलाई टूवाईमा भगाएर ल्याएका थिए । यो घटनालाई भविष्यवक्ताहरूले बर्बादीको किटाणु भित्रियो भनेका थिए । हेलेनको सुन्दरताले टूवाई भग्नाबशेष हुने भयो भनिएको थियो । नभन्दै महाभारतमा गान्धारीले पुत्र दुर्योधनलाई नाङ्गै आउन भनेकोमा जाँघ छोपेर जानाले उसको मृत्युको कारण त्यही जाँघ बन्न पुगेझैं १४ वर्षको लडाईंपछि होली रिभरमा आमाले सानैमा नुहाईदिंदा आमाको हातले समातेको ठाउँ कुर्कुच्चामा तीर लागेर छोरो अकेलियज मारिए, उनको लाश सहरमा घुमाइयो, अनेक षडयन्त्रहरू भयो । टूवाय बर्बाद नगरी बन्नपुग्यो । टूवाईको सर्बनाशको

(बाँकी दुई पेजमा)

# दलालहरू पनि राष्ट्रवादी हुन्छन् र ?

पीरउद्दीन मीर

कतै छ सत्ताको लागि राष्ट्रघात, कतै छ देशको लागि गद्दी त्याग । को देश द्रोही, को देशभक्त ? अब बेला आयो गर्नुपर्‍यो कित्ताकाट । यो हो आजको जल्दोबल्दो आवश्यकता । कहाँ गंगु तेली, कहाँ राजा इन्द्र ? कहाँ दरिद्र ब्राम्हण कहाँ राजा ज्ञानेन्द्र ?

ज्ञानेन्द्र शाहले आफ्नो मातृभूमिको रक्षाका लागि गरेको राजगद्दीको त्यागको तुलना सत्ताको लागि देश डुबाउने दरिद्र बाहुनहरूवीच कुनै तुलना गर्न सकिन्न । विदेशी दलालहरूले गणतन्त्रको घोषणा गरेता पनि राष्ट्रवादी धर्तीपुत्रहरूको हृदयमा त्यागी राजसंस्थाको महत्व झन झन बढ्दो छ । जनताको ढुकढुकीसँग नाता सम्बन्ध जोडिएको छ ।

ज्ञानेन्द्र शाहले आफ्नो मातृभूमिको रक्षा गर्न गरेको त्यागका कारण महान बनाइएको छ भने अर्कोतर्फ इसाई साम्राज्यवादी एवं भारतीय विस्तारवादीहरूका दलालहरू जनताको माझ दिनदिनै नाङ्गिदै छन् । सत्ताको लागि राष्ट्रघात गर्दै आएका नेताहरूको पोल खुल्दैछ । एउटा जाबो प्रधानमन्त्री पदको लागि नेपाली कांग्रेसका बरिष्ठ नेतालाई बाह्रौ पटक संसदले अस्वीकृत गरिसक्दा पनि नैतिकताले अहिलेसम्म घोतेको छैन । २०४८ साल देखि कांग्रेसका नेता भनाउँदै आएको नैतिकता ? जुन तत्वहरूमा प्रजातान्त्रिक संस्कार नै छैन त्यही दरिद्रहरूले आफूलाई प्रजातन्त्रको मसिहा भन्न लाज मान्दैनन् । लज्जा पचाइ सकेकाहरूलाई केको लाज ? लज्जा भए पो लाज हुन्छ । नागालाई केको लाज ? बरु हेर्नेलाई लाज भयो ।

जबसम्म राष्ट्रवादी देशप्रति समर्पित राजसंस्था थियो तवसम्म राजसंस्थाको छहारीमा बहुदलीय संसदीय प्रणाली सुरक्षित थियो । अराष्ट्रिय तत्वहरूले गरेको गणतन्तको घोषणा पश्चात गलगाँडतन्त्र त आयो तर बहुदलीय संसदीय प्रणाली हरायो । अदूरदर्शी अविवेकी स्वार्थी कांग्रेसीहरू बौलाउन थालेको कारण यही हो ।

अहिले नक्कली कांग्रेसका नेताहरू कुहिरोको काग समान बाटो बिराएको अवस्थामा छ । दिशाविहीन अवस्थामा चौबाटोमा अलमलमा परेको छ । गन्तव्यमा पुग्ने दिशा ठम्याउन सकिरहेको छैन । वीपी कोइराल र सुवर्णशमशेरले साम्यवादीहरूसँग राखेको दूरीको लोभी लालची स्वार्थी हवलदार भस्मासुर गिरिजाप्रसादल कोइरालामा औकात भएको भए आजको अवस्था सिर्जना हुने थिएन । एउटा जाबो प्रधानमन्त्री पदको लागि रामचन्द्र पौडेलले गाईजात्राको पात्र बन्नपर्ने बाध्यता हुने थिएन । गणतन्त्रको घोषणा गर्नु पूर्व ज्ञानेन्द्र शाहले मुर्दा सिंसदलाई समेत आवश्यकता परेको बेला ब्यूँताइ दिएको तथ्य कसलाई थाहा छैन ? त्यसबखत पनि शासकीय संस्कार र प्रजातान्त्रिक सुझबुझ भएका कारण गैरसंवैधानिक कदम उठाउन बाध्य नगर्न बारम्बार सतर्क गर्न प्रयास गर्दागर्दै पनि आफ्नो शक्ति प्रयोग गर्न सबै क्षेत्रका स्वार्थी बाहुनहरूले गैरसंवैधानिक कदम उठाउन बाध्य गरेका थिए ।

सन्दर्भमा के वकिल, के न्यायाधीश ? के पत्रकार, नगारिक समाजका ठगुवाहरू, एनजीओ, आइएनजीओका माना खाएर राष्ट्रघात गर्न लागेका मानव अधिकारवादीहरू सबै एक ढिक्का भएर ज्ञानेन्द्र शाहलाई बाधय गराएको सम्झना ताजा नै छ । यो हो, सत्यानासी मुनाफिक बाहुन समाजले रचेको प्रपञ्च । आफू पनि बिधिको शासन अन्तर्गत बस्न नरुचाउने, अरुले कानुनी राज्यको स्थापना गर्न खोज्दा गर्न नदिने । यही हो सत्यानासी बाहुनवाद ।

आज देश लथालिङ्ग र भताभुंग अवस्थामा छ । आज देश, नरेश, जनता र प्रजातन्त्रको सबैभन्दा ठूलो शत्रु कोही छ भने वीपी कोइरालाले अंगीकार गरेको राजासँगको मेलमिलाप नीतिको प्रतिकूल कदम उठाउने गणतन्त्रवादी नेपाली कांग्रेस नै हो । २०४८ सालदेखि नै वर्तमानका नेपाली कांग्रेसले सर्वाभौम स्वतन्ज्त्र राष्ट्र नेपाललाई विस्तारवादी नेहरूको योजनालाई सफलीभूत तुल्याउन अनेक प्रकारका सन्धि समझदारी कायम गरेर भारतमा विलय गराउने खेलमा व्यस्त छन् । राष्ट्रवादी राजसंस्था नै एकमात्र भीमकाय चट्टानको रुपमा बाधक भएको कारण काजी लेन्डुप दोर्जीका रक्तवीजहरूले संविधानसभाको नाममा अविवेकी गवार बुद्धिहारा भेडाहरूको भाँड जम्मा गरेर नाटकीय ढंगले गणतन्त्रको घोषणा गरेको हो । गणतन्त्रको लागि प्रयोग गरिएका गवा भेडाहरूले एक खर्बभन्दा अधिक राष्ट्रको ढुकुटी रित्याइसके तर संविधानको कतै अत्तोपत्तो छैन , दलाल कांग्रेसीहरू प्रजातन्त्रको हत्या गरेर बहुदलीय संसदीय प्रणाली पुनः बहाली गर्ने सपना हेरिरहेका छन् ।, यो राष्ट्रघातीहरूका लागि फलामको च्यूरा चपाएसरह भइसक्यो ।

कम्युनिष्टहरूको चक्रव्यूहमा परेको कांग्रेस अविवेकी, अवसरवादीहरूको भीडमा परिणत भएको छ । कांग्रेसको इतिहास साक्षी छ, वीपी कोइरालाले साम्यवादीहरूका चरित्र अध्ययन राम्ररी गरेका कारण आफूमात्र सचेत थिएनन्, राजसंस्थालाई समेत सचेत गर्न इण्डोनेसियामा घटेको घटनाको हवाला दिएर अडिट फर्मुलाबारे जानकारी दिएर राजसंस्थालाई जोगाउन प्रयत्न गरेका थिए । जीपी कोइरालो ठीक उसको विपरित कदम उठाएर कम्युनिष्टहरूसँग मेलमिलापको रणनीति अँगालेका कारण आफू पनि डुबे, कांग्रेसलाई पनि डुबाए । राजसंस्थालाई पनि बाँकी राखेनन् । यही हो अन्तर विवेकी वीपी र गवार जीपीवीच ।

एउटा सचेत नागरिकको काम आफू पनि सचेत हुनु हो र अरुलाई पनि सचेत पार्नु हो । भस्मासुर जीपी आफू पनि साम्यवादीहरूको चक्रव्यूहमा फसे, पार्टी र राजसंस्थालाई पनि फसाउनपुगे । अहिले कांग्रेसी नेता रामचन्द्र पौडेलको अवस्था भीडबाट लडेको गोरु समान छ । कोही पनि काँध थाप्न तैयार छैनन् उनका लागि । नक्कली प्रजातन्त्रवादी भएकै कारण कोही साथ दिन तैयार नभएको हो । नेपाललाई २०४७ सालपश्चात भारतमा गाभ्ने सन्धि सम्झौताहरू गर्दै आएका कारण सबै सतर्क भएका छन् । अहिले नेपालमा विदेशी हस्तक्षेप बढ्नुको मूल दोषी कांग्रेस नै हो भन्ने सबैलाई थाहा भएकै कारण जनमानसमा कांग्रेसीहरूको तुलनामा साम्यवादीहरू राष्ट्रवादी भएको भ्रम सिर्जना गर्ने कसरत पनि भइरहेको छ । सुजाता जोष्टले राजदूत राकेस सुदको बोलीमा लोली मिलाएर सिमानामा भारतीयहरूले अतिक्रिमण नगरेको भनी नेपालको विरुद्धमा प्रचार गर्नु अर्को अवसरवादी असक्षम दलाल नेता शेरबहादुरदेउपाले श्यामशरण र केभी राजनले नेपालको आन्तरिक मामिलामा गरेको नाजायज हस्तक्षेपलाई समर्थन गरेकोमा जनताको माझ परालको आगो बनिसकेको छ । माओवादीहरूले भारतीय राजदूत सुदलाई सोलुमा जुत्ताले हानेको घटनालाई सर्वसाधारण जनताले अनुचित ठानेका छैनन् । राष्ट्रवादी सर्वसाधारण जनताले यो काण्डलाई बिरालोको घाँटीमो पहिलो पटक घण्टी बाध्न गरेको साहसिक कदमको उपमा पनि दिएका छन् । तर हेक्का रहोस्, त्यागी राजसंस्था विरोधी तत्वहरू कोही पनि देशभक्त राष्ट्रवादी होइनन् । यिनले एउटा पनि राष्ट्रवादी काम गरेको उदाहरण हामीसामु छैन । सावधान ।


## मंगलमय शुभकामना

२०६७ सालको विजया दशमी तथा शुभ दिपावलीको पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहक, शुभचिन्तक एवं नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु एवं सफलताको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

पशुपति सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
PASHUPATI SAVING & CREDIT CO-OPERATIVE LTD.

केन्द्रीय कार्यालय :
पो.ब.नं. २०४५७ कुमारीपाटी, ललितपुर
फोन नं. ५५४८६१०, २११३१६८
०१-६२१३५५१

शाखा कार्यालय :
जमल, काठमाडौं,नेपाल
फोन नं. ४२२२८६१, ४२२०६४९

## मंगलमय शुभकामना

२०६७ सालको विजया दशमी तथा शुभ दिपावलीको पावन अवसर मा हाम्रा सम्पूर्ण ग्राहक, शुभचिन्तक एवं नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु एवं सफलताको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

हिमालयन बैंक लि. परिवार
केन्द्रीय कार्यालय, काठमाडौं

## नेपाल आयल निगमको खाना पकाउने एलपी ग्याँस प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एलपी ग्याँस अत्यन्त प्रज्वलनशील पदार्थ भएकोले यसको प्रयोगमा पर्याप्त सतर्कता र सावधानी अपनाउन जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्याँसको चुहावटबाट हुने दुर्घनाबाट बच्न देहायका कुराहरूमा ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :**

१) सिलिण्डर ल्याउँदा र लैजाँदा नगुडाउँ, भान्छामा सिलिण्डर सीधै ठाडो राखी प्रयोग गरौं, सुताएर वा घोप्ट्याएर प्रयोग नगरौं ।
२) रेगुलेटर रवर पाइल चुल्हो जस्ता उपकरणहरू गुणस्तर प्रमाणित भएको मात्र प्रयोग गरौं। साथै हरेक २ वर्षमा ग्याँसको पाइप फेरौं।
३) खाना पकाउँदा सधैं झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
४) काम सकिएपछि सधैं रेगुलेटर बन्द गरों ।

***ग्याँस चुहावट भएमा ध्यान दिनु पर्ने कुराहरू :***

१) खाना पकाउने स्थानमा एपली ग्याँस तिखो गन्ध आइरहेको छ भने लिक भइरहेको छ भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिलो रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौं ।
२) ग्याँस हावा भन्दा गह्रौं हुने भएकोले भुइँमा बस्छ। यस्तो अवस्थामा ढोका र सबै झ्याल खुला गरौं र आगोको झिल्का निस्कने पदार्थ जस्तै ग्याँस चुल्हो, लाइटर, धुप आदि नबालौं र विजुली बत्तिलगायत कुनै पनि विद्युधतीय उपकरण नचलाऔं ।
३) ग्याँस लिक भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्भमा सेफ्टी क्याप लगाएर घर बाहिर खुल्ला ठाउँमा राखौं र छिटो भन्दा छिटो नजिकको ग्याँस बिक्रेता वा सम्बन्धित ग्याँस उद्योगलाई खबर गरौं।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**

**उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेडद्वारा जारी**

**राष्ट्रपतिको...**

लो प्रोपाइल बनाउन कै लागि चीनले राजकीय भ्रमणको मान्यता नदिएको कूटनीतिक वृत्तमा चर्चा गरिदै छ। चीनले प्रचण्डलाई राष्ट्रियस्तरको महत्वका साथ व्यवहार गरिरहेको विषय काठमाडौं देखि दिल्लीसम्मको टाउको दुःखाइको विषय बनेको छ। सबै क्षेत्रका विश्लेषलकहरू चीनले प्रचण्डलाई कस्तो निर्देशन दिएर पठाउने हो ? भनेर गम्भीर बन्न थालेका छन्। प्रचण्डको चीन भ्रमणलाई लिएर माओवादी खेमामा भने उत्साह छाएको देखिएको छ।

**पारस...**

यो सबै चाल पाएका अस्तिरतावादी तत्वहरू प्रचण्डले राजतन्त्रवादीको नेतृत्व लिएको आवेग छताछुल्ल हुनेगरी बोल्न थालेका छन्। प्रचण्डले राजतन्त्रवादी शक्तिलाई नसमेटी नेपालको स्थिरता र राष्ट्रियता नबच्ने दुरसोच बुझेको अनुमा गरिदैछ।

**दाहाल...**

निर्णय संविधानसभालाई स्वीकार गर्न बाध्य बनाइयो।

अहिले आएर फेरि एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा त्यस्तै भूमीगत गिरोह जस्तो समिति बनाइएको छ। संविधानसभाका विषयगत समितिका मस्यौदा प्रतिवेदनमा रहेका विवादहरू समाधान गर्ने जिम्मेवारी दाहाल समितिलाई दिइनुले संविधानसभाको समेत अपमान भएको छ। राजनैनिक हैसियतमा गठन भएको उक्त समितिको कुनै कानूनी हैसियत नभएपनि उक्त समितिले गरेका निर्णयहरू स्वीकार गर्न संविधानसभालाई बाध्य बनाईनुले मुलुक अझै भूमीगत गिरोहबाट सञ्चालित भएको प्रमाणित भएको छ।

सबै समस्याहरूको समाधान गर्ने थलो संविधानसभा नै हो, संविधानसभाभन्दा माथि केही छैनन् तर संविधानसभालाई उपेक्षा गर्दै केही दलहरूले संविधानसभाभन्दा बाहिर गएर सबै समस्याहरूको समाधान खोज्नु नेपालको अन्तरिम संविधानको ठाडो उल्लंघन हुँदा समेत कानूनविज्ञहरूले एक शब्द सम्म उच्चारण नगर्नु मुलकुलाई भूमीगत गिरोह मार्फत् सञ्चालन गर्न खोज्नुनै हो। दाहाल कार्यदलको गठनले संविधानसभाको गरीमा माथि नै आँच पुगेको छ, संविधानसभा अन्तर्गत रहेका विभिन्न समितिहरू मार्फत् समस्याको समाधान खोजीनु पर्नेमा त्यसो नगरी संविधानसभालाई बाईपास गरी दाहाल कार्यदलले सल्झाएका विवादहरू स्वीकार गर्न संविधानसभा बाध्य नभएको संवैधानिक समितिका सभापति निलाम्बर आचार्यले बताउनु भएको छ। संविधानका विवादित विषयहरूलाई सुल्झाउन संविधानसभाले समिति गठन गर्नु पर्नेमा त्यसो नगरी दलहरूले दाहाल कार्यदल गठन गरेका हुनाले उनीहरू संविधान भन्दा माथि आफूहरू रहेको ठानी रहेका छन् भन्ने आभाष हुन थालेको बताउँदै संविधान भन्दा माथि कोही नभएको आचार्यले प्रष्ठ पारेका छन्।

**कानून...**

उर्जा मन्त्रालयकै कर्मचारीहरूले बताएका छन्। उर्जामन्त्री डा.महत र उर्जा सचिव शंकर कोइरालाको मिलेमतोमा मन्त्रालय स्तरबाटै यसरी लाइसेन्स पाउने यी दुवै कम्पनीहरू मुलुककै भाग्यमानी कम्पनी भएका छन्।

यसरी कामचलाउ सरकारका मन्त्रीहरूले आफूहरू काम चलाउ भएको कुरालाई विर्सीएर अहिलेपनि मुलुकलाई दुरगामी असर पर्ने खालका विभिन्न निर्णयहरू गरिरहेका हुनाले निश्चय पनि त्यसले मुलुकलाई हित गर्न सक्ने अवस्था छैन। कामचलाउ सरकारको हैसियत भनेको दैनिक भैपरी आउने कार्यगर्नु मात्र हो। पछि आउने सरकारलाई अफठ्यारोमा पार्ने गरी कुनै कार्य गर्नु कामचलाउ सरकारको नैतिक दायित्व होइन। तर नैतिकता र इमान्दारीतालाई तिलाञ्जली दिइका दलका नेताहरू र मन्त्रीहरूले आफूहरू कामचलाउ भइसक्दा पनि आफ्ना आसेपासे र पार्टीगत स्वार्थको लागी पार्टीका शुभचिन्तकहरूलाई ऐन र नियमावली विपरितका कार्य गर्न दिनु भनेको मुलुक अझपनि संविधान ऐन कानूनले चलाउन खोज्नु नभएर वाहुबलको भरमा सञ्चालन गर्न खाज्नु नै हो। कानून र नियमावलीमा कुनै नयाँ व्यवस्था नराखी कार्य विधिमा मात्र नयाँ कुरा थपेर दुई कम्पनीलाई लाइसेन्स दिएको हुनाले त्यसले कुनै कानूनी मान्यता नपाउने भएको हुनाले अविलम्ब गैरकानूनी रुपमा दिएको लाइसेन्स खारेजी हुनु पर्ने माग उर्जा मन्त्रालयबाटै आएको छ।

**सरकार...**

भारतले झलनाथ र प्रचण्डलाई व्याक हुन बाध्य पारेर रामचन्द्रलाई एक्लै लडाइरहेको छ। भारतको इसारा विना नेपालमा सरकार बन्न सक्दैन भारत नेपालमा नयाँ सरकार बनोस् भन्ने चाहिरहेको छैन। सरकार नबन्नाले नेपालको विकास स्थिरता, शान्ति, संविधान सबै विथोलिँदै गएका छन्। भारत नेपालमा अस्थिरता र अराजकता चाहिरको छ। भारतको यस्तो नेपाल विरोधी चाहनालाई चिर्दै आफ्नो स्वाधिनता, स्वतन्त्रता सहतिको सार्वभौम सम्पन्नता देखाउन राजनीतिक दलहरू असक्षम बन्दै गएका छन्। संविधान समेत अर्थहीन बन्न पुगेको छ।

**नेपाल...**

नेपाल प्रहरीका तलवीहरूलाई समेत पाल्न बाध्य छ। गजब त के छ भने प्रहरी प्रधानकार्यालयको भागमा एभरेष्ट, तारा, भेनस क्यासिनोको उठ्ती परेको छ भने अन्य क्यासिनोहरू गृहमन्त्रालय र प्रधानमन्त्री कार्यालयहरूको भागमा परेका छन्। स्रोतका अनुसार वडा कार्यलयहरूले आफ्नो माहतहतकमा पर्ने क्षेत्रका क्यासिनोबाट उठ्ती उठाएर आफ्नो भाग राखेर माथि पठाउने गर्छन्। बालुवाको हलुवा खाने बानी परेका प्रहरीले क्यासिनोको कबाब किन छोड्थे ?

**स्वच्छाले...**

आफ्ना नागरिकलाई जघन्य रोगलागेमा औषधी सहित खानाको र जाइटको व्यवस्थाका लागि केही रकमनै प्रदान गर्ने गरेका छन। जस्तै जापानमा जघन्य रोगलागेका व्यक्तिहरूलाई डाइट खानको लागि प्रतिमहिना पाँच हजार नेपाली पैसा बराबरको रुपैयाँ प्रदान गरिने गरेको छ। त्यसै गरी थाइल्याण्डमा पनि करिब ७ हजार नेपाली पैसा बराबरको पैसा रोगीलाई दिएर आफ्ना नागरिकहरूको सुरक्षा गरेको पाइन्छ। तर नेपालमा भने अनुदानमा आएको औषधी वितरण गरेर काम गर्न नसक्ने अवस्थामा पुगेका नागरिकहरूको अवस्थालाई अरु दर्दनाक पार्दै उनीहरूलाई मन्दविष दिएर उनीहरूलाई मर्न बाध्य पारिएको हुनाले अब सम्मानीत सर्वोच्च अदालतले मान्छेको मर्न पाउने अधिकारलाई सुरक्षित किन नगर्ने प्रश्न उठ्न थालेको छ।

# भ्रष्टाचारीले भाउ बढाउने

काठमाडौं / नेपाल आयल निगमले डिजेल र ग्यासको भाउ बढाउने तयारी गरेको छ। भारतमा र अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मुल्य बढेको दृष्टान्त देखाएर निगमले भाउ बढाउन लागेको हो। रक्सौलबाट तेल आयत गरी रहेको निगमले एकाएका बरौनीबाट तेल आयत गरेर उच्च चुहावट र गाडी भाडामा झण्डै अरबको हाराहारीमा भ्रष्टाचार गरेपछि अख्तियारले त्यो भ्रष्टाचारको छानविन गरिरहेको छ। अख्तियारमा समेत राजनीतिक प्रभाव पार्न सफल वाणिज्य तथा आपूर्ति मन्त्रालयका उच्चपदस्थ कर्मचारी र नेपाल आयल निगमका भ्राष्टाचारी ग्याङ भाउ बृद्धि गरेर विक्रेताहरूबाट ठूलो लाभ लिने नयाँ खेलमा लागेका छन्।

नेपाली जनतामाथि जतिसुकै र जस्तोसुकै अत्याचार गरे पनि कोही बोल्दैनन् बोल्ने दलहरू कमिशनमोह र स्वार्थ लम्पट भएका छन्, स्थिर सरकार छैन भन्ने मौका छोपेर काम चलाउ सरकारले ग्याँस र डिजेलमा भाउ बढाएर कमिशन कुम्ल्याउने र बजार भाउ अरु महगो पार्ने षड्यन्त्र गर्न थालेका छन्।


अन्धविश्वास र कुरितीमा लाग्दा जीवनमा आइपर्ने दुष्परिणाम बारे जन-साधारणलाई सचेत र शिक्षित बनाउन असल नागरिकहरू अग्रसर भई मार्ग निर्देशन गर्नुपर्दछ।

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

सूचना विभाग


# सार्वजनिक जग्गा विक्री वितरणमा कर्मचारीकै हात

काठमाडौं / मुलुकमा भएको अस्थिरता र संक्रमणकालको फाइदा उठाउँदै केही भूमाफीयाहरूले सरकारी, पर्ति र सार्वजनिक जग्गाहरू व्यापक अतिक्रण गरेको छन्। कतिपय सरकारी सार्वजनिक जग्गाहरूमा नक्कली जग्गाधनी बनाई सरकारी कर्मचारीहरूको सहयोगले त्यस्तो जग्गा बेचबिखन भएतापनि सम्बन्धीत निकायले त्यसतर्फ ध्यान दिन सकेको छैन। हालै मात्र राजधानीको बुद्धनगर स्थित करिब २ रोपनी जग्गा केही भूमाफियाहरूले अख्तियारको र सरकारी कर्मचारीहरूको सहयोगमै एकै दिनमा एउटै जग्गा दुई पटक पास गरेर झण्डै ५० लाख रुपैयाँ आना पर्ने जग्गालाई १ करोड ५ लाख रोपनीका दरले बिक्री वितरण गर्नु भनेको सोझै मालपोत कार्यलय र सम्बन्धीत मन्त्रालयका कर्मचारीहरूको हात हुनु हो।

अधिराज्यभरमा अहिले जग्गाको मूल्य बढेपछि निश्चित समयमै बढी पैसा कामउनका लागि भू माफियाहरू सक्रिय भएका छन्। त्यस्ता भू माफियाहरूलाई मन्त्रालयका कर्मचारी देखि लिएर मालपोत नापि कार्यालयका कर्मचारीहरूको सहयोग रहेको प्रत्यक्ष रुपमा देखिएको छ। मालपोत कार्यालयका कर्मचारीहरूले विभिन्न ठाउँमा रहेको सरकारी सार्वजनिक पर्ति जग्गाको लिष्ठ भू माफियाहरूलाई उपलब्ध गराई दिने र त्यही लिष्टलिएर भू माफियाहरू कुन-कुन ठाउँमा कति जग्गा छ, कत्तिको महँगो ठाउँमा हो भनेर यकिन गर्न नापी कार्यालयका कर्मचारीहरूको सहयोग लिने गरेको एक भू माफियाले नै बताएका छन्। उनका अनुसार सरकारी कर्मचारीहरूको सहयोग विना कुनैपनि सरकारी सार्वजनिक र पर्ति जग्गा खरिद बिक्री हुन सक्दैन। नदिले उकास गरेको जग्गा भन्दै नापीका कर्मचारीहरूले प्लट र किता नम्बर मिलाई दिने भएका हुनाले जग्गा विक्रिबाट आएको रकमको ६० प्रतिशत मालपोत कार्यालय र नापीका कर्मचारीहको हातमा पुग्ने गरेको उनले बताएका छन्।

भू माफियाहरूले ४० प्रतिशत रकम पाएतापनि त्यसमा धैरै व्यक्तिहरू संमलग्न हुने अनि सम्बधित स्थानीय व्यक्तिहरूदेखि लिएर चुल्ठे, मुन्ठे कुनडलेहरू सबैलाई भाग लगाउँदा एक व्यक्तिको भागमा नगन्य रकममात्र पर्ने भएपनि उक्त कार्य गरिरहेको एक सुत्रले बताएका छन्। यसरी सरकारी पर्ति र सार्वजनिक जग्गाहरूको बेच बिखनमा मालपोत कार्यालय र नापी कार्यालयका भ्रष्ट कर्मचारीहरूको प्रत्यक्ष हात रहेको हुनाले उनीहरू माथि जबसम्म कडा कारवाही हुदैन तबसम्म त्यस्तो जग्गाको बेचबिखन रोकिन नसक्ने उद्घोष एक मालपोल अधिकृतले गरेका छन्। कमजोर कानूनको फाइदा उठाउँदै र अस्थिर राजनीतिको फाइदा उठाएर भू माफिया र कर्मचारीहरूकै कारण सार्वजनिक पर्ति र सरकारी जग्गा सकिन अब केही समय मात्र लाग्न सक्छ।

# माओवादी लडाकू कमाण्डरहरू पनि चीनमै

काठमाडौं / जनयुद्धका बेलामा संसारले आतंकारी भनेका मओवादीलाई चीनले सधैं विद्रोह भन्यो र तिनै विद्रोही सैन्य कमाण्डरहरू र अध्यक्ष प्रचण्डसमेत चीनतिर लागेका छन्।

माओवादीका सैन्य इन्चार्ज वर्षमान पुन, डेपुटी कमाण्डर जनार्दन शर्मा, प्रवक्ता चन्द्रप्रकाश खानाल लगायतका ११ माओवादी सैन्य कामण्डरहरूलाई चीनले बोलाएर, दशैभरी प्रशिक्षण र मेजमानी खाएको छ। नेपालका राष्ट्रपतिलाई बेइजिङ ननिम्त्याउने चीनले लडाकू ११ कमाण्डर र माओवादी अध्यक्षलाई समेत बेइजिङ निम्याएपछि माओवादी चीन सम्बन्ध जनयुद्धकाल देखिनै गोप्य र घनिष्ट रहेको अनुमान गर्न थालिएको छ। आश्चर्य त के छ भने नेपालमा समायोजन र व्यवस्थापनका लागि शिविरमा राखिएका कमाण्डर र विशेष समितिमा खटिएकाहरूसँग चीनको कम्युनिष्ट पार्टीले छलफलका नाममा प्रशिक्षणनै दिएको छ। यस घटनाले चीनको नेपालप्रतिको व्यवहारलाई शंकास्पद पारिदिएको छ।

एमाओवादी पार्टीले कमाण्डरहरूको चीन भ्रमण निजी भएको बताएको छ। निजी भ्रमणमा शिविरमा रहेका लडाकू कमाण्डर कसको आदेश र स्वीकृतिमा चीन भ्रमणमा गए यसरी गोप्य विदेश भ्रमणमा जानु उपयुक्त छ कि छैन सबै मौन बसेका छन्। चीन शंकाको घेरामा पुगेको छ।


विश्व हिन्दु महासंघको अनुरोध

हिन्दु, हिन्दुत्व र हिन्दु राष्ट्रको रक्षाका लागि समस्त हिन्दुहरू ओमकार परिवार एक हौं।

विश्व हिन्दु महासंघ

केन्द्रीय कार्यालय : बाँसबारी, काठमाडौं, फोन : ४३७०३२२


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन नम्बर : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो९८४१२५९६९९ मुद्रण : इमेज अफसेट प्रेस, ललितपुर